महालेखापरीक्षकको बार्षिक प्रतिवेदन

२०७८

गढवा गाउँपालिका, दाङ्ग ।

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल ।

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं:- ३७ मितिः २०७८५।५।४

श्री अध्यक्ष ज्यू,
गढवा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ्ग।

विषयः - लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं:३७ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,

गढवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, दाङ्ग।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ४ करोड २६ लाख २९ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु. ३४ लाख ६९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३२ लाख ४७ हजार नियमित गर्नुपर्ने रु.३ करोड ५९ लाख १३ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३५ (पैतिस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

गढवा गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उद्धेश्य हो । लुम्बिनी प्रदेशस्थित दाङ्ग जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ८ वडा, मनोनित २ समेत ४४ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र गढवा गाउँपालिका क्षेत्र भित्र रहेको छ ।

स्थानीय संचितकोष - आर्थिक वर्ष २०७६/७७ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ;

सि. नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१.	**गत बर्षको जिम्मेवारी**		८५५१३७६३.५९	१	**चालु खर्च**		२६२५९८८६६.४८
	क० सञ्चितकोष	७५९०३८२४.५९		२	**पूँजीगत खर्च**		१४४७२०२१६.०
	ख० कर्मचारी कल्याणकोष	४१९५०८८		३	**शशर्त अनुदान फिर्ता**		
	ग० धरौटी खाता	५१०६७८८			**वित्तिय व्यवस्था भुक्तानी**		
	घ० विभाज्यकोष खाता	३०८०६३		४	**लगानी**		
२.	**राजश्व (आन्तरीक आय)**		१४८१३७४९७.०१	५	**धरौटी फिर्ता**		२२६००२६
	क० आन्तरिक राजश्व	६५३६५६६९.६७		६	**कोष खर्च**		५१५६००५८.३३
	ख० राजश्व बाँडफाँड	८२७७१८२७.३४		७	**जनश्रमदान फिर्ता**		
३.	**वित्तिय हस्तान्तरण**		३२९८२३०००.०	८	**मौज्दात**		२३०२३२७००.७९
	क० वित्तिय समानिकरण अनुदान	१२४२०००००.०			क० नगद मौज्दात		
	ख० सशर्त अनुदान	१८८०२३०००.०			ख० बैङ्क मौज्दात		
	ग० समपुरक अनुदान	१७६०००००.०			• सञ्चित कोष	२०२२५१३२९.१२	
४.	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३९७१७०००.०		• धरौटी खाता	९५७६०७७	
	क० वित्तिय समानिकरण अनुदान	४५२७०००.०			• कर्मचारी कल्याणकोष	४१९५०८८	
	ख० सशर्त अनुदान	८००००००.०			• विभाज्यकोष खाता	१३०४०२७९.०	
	ग० समपुरक अनुदान	१५००००००.०			• विपत् व्यवस्थापन कोष	११६९९२७.६७	
	घ० विशेष अनुदान	७८७००००.०					
	ङ० कृषि कोभिड	४३२००००.०					
	अन्तर निकायबाट प्राप्त		१५९८९०८८.०				
५.	**विभिन्न कोष तर्फको आय**		६५४६२२०४.०				
६.	**धरौटी आय**		६७२९३१५.०				
	जम्मा		**६९१३७१८६७.६**		**जम्मा**		**६९१३७१८६७.६**

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**आय विवरण —** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;	
१.१.	सुत्र अनुसार संघिय शसर्त निकासा रू.२०,६९,६१,७६९।५४ देखिएको र खर्च रू.१५,३३,५८,२६७।४६ भई सञ्चित कोष फिर्ता हुनुपर्ने रू.५,३६,०३,४९३।०८ देखिएको छ। सुत्र प्रतिवेदनको संक्षिप्त रिपोर्ट २ अनुसार खर्च खाताबाट फिर्ता रू.१,८९,३८,७६९।५४ र अनुदान फिर्ता रू.३,४६,६४,७२३।५४ समेत रू.५,३६,०३,४९३।०८ रहेकोमा खर्च खातबाट फिर्ता रू.१,८९,३८,७६९।५४ सञ्चित कोष निकासा आम्दानीमा पुन समावेश भई निकासा आम्दानी रू.२०,६९,६१,७६९।५४ भएको र यथार्थ निकासा आम्दानी रू.१८,८०,२३,०००।— रहेको छ । खर्च खाताबाट खर्च नभई स्थानीय सञ्चितकोष फिर्ता गर्न गोश्वारा भौचर उठाउदा ध्यान दिएको पाइएन।	
१.२.	संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।	
१.३.	**शिर्षकगत राजश्व आम्दानी** कार्यालयको राजश्व शाखाले बिभिन्न शिर्षकमा उठेको राजश्व बैंक दाखिला गर्दा शिर्षक खुलाई जम्मा गर्नुपर्नेमा सो गरेको देखिएन ।	
१.४.	संचित कोषको बैंक नगदी किताव कार्यालय प्रमुख तथा लेखा प्रमुखले प्रमाणित गर्ने गरेको छैन ।	
१.५.	कार्यालयले गत बर्षको पेश्की बाँकीलाइ बैङ्क नगदी किताबमा खर्च जनाइ पेश्की फछ्यौट गरेको छ । बैङ्कबाट चेक नकाटिएको भएतापनि बैङ्क नगदी किताबमा खर्च जनाउदा बर्ष भरी भएको खर्चले यथार्थ विवरण पेश गरेको छैन ।	
१.६.	**भाडा कर —** अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११ १३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर गाउँपालिका कोष पूँजीगतमा कट्टा गरेको रु. ४,५३,५३०।— स्थानीय पूर्वाधार साझेदारीमा कट्टा गरेको रु. ७८,६७५।—, गाउँपालिका चालु शिर्षकमा कट्टा गरेको रु. १८,८५०।— समेत रु.५,५१,०५५।— गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु.	५,५१,०५५।-
१.७.	**मुल्य अभिवृद्धि कर —** मू.अ.कर ऐन, २०५३ को दफा १५.३ अनुसार स्थानीय निकायले प्राकृतिक स्रोत साधनको बिक्रि बाट प्राप्त आयमा मू.अ.कर असुली गरी सम्बन्धित शीर्षकमा राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न योजनामा स्थानीय स्तरमा संकलन गरी योजनामा प्रयोग भएको ढुङ्गा, गिट्टी, वालुमामा प्रति बर्ग फूट रु. ६ रुपैंया रोयल्टी अन्य कट्टी भनी उपभोक्ता समितिलाई भुक्तानी हुने रकमबाट कट्टा गरी यसवर्ष रु.२०,२४,७३१।— स्थानीय संचित कोष दाखिला गरेकोमा उक्त रकममा समावेश भएको मू.अ.कर रु. २,३२,९३४।— संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.	२,३२,९३४।-
१.८.	**सञ्चित कोषको चौमासिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले योवर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ ।	
१.९.	राजश्व आम्दानी गर्दा शिर्षकगत रुपमा र दैनिक उठेको रकमको विस्तृत विवरण सहितको जोडजम्मा गरी सोही अनुसार बैंक दाखिला गर्ने र बैंक दाखिला भौचरको आधारमा सञ्चित कोष दाखिला हुनुपर्नेमा सो अनुरुप हुने गरेको छैन ।	
१.१०.	प्राकृतिक श्रोत साधन बिक्रिवाट प्राप्त आय तथा बोलपत्र बिक्रिवाट प्राप्त राजश्व सिधै सञ्चितकोषमा दाखिला हुने गरेकोले संचित कोष हिसाव र बैंक हिसाव मिलान हुने गरेको छैन ।	
१.११.	दैनिक उठेको राजश्व रकम भोलीपल्ट एकमुष्ट रुपमा बैंक दाखिला गर्नुपर्नेमा सो नगरी आंशीक रुपमा दाखिला गर्ने गरेको र महिनाको अन्त्यमा उठेको कूल राजश्व र बैंक दाखिला रकम बरावर हुने गरी दाखिला गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
१.१२.	**एकिकृत आय-व्यय विवरण -** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै गाउँपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन । उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ— आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । ख) **आर्थिक विवरण —** आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधिसम्म आर्थिक बिबरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७७ चैत्र) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ । ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन । घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो । ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन । छ) मूल्य अभिबद्धि कर नियमावली, २०५३ अनुसार कर भुक्तानीको इ-टिडिएस नगरेको, ज) कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।	
	झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।	
	ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।	
	ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।	
	ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन।	
	ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।	
	ढ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।	
	ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन ।	
	त) **कार्यविवरण** — कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन।	
	थ) **अभिलेख** — कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।	
	द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको उल्लेख नभएको ।	
	ध) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।	
	न) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पालना गरी खरिद कार्य गरेको देखिएन ।	
	प) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन ।	
	फ) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन ।	
	ब) जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको।	
	भ) गाउँपालिकाले यो बर्ष कर्मचारी पारिश्रमिकमा रु.१,९७,७१,१०४.१२।— खर्च गरेकोमा नियमानुसार तलवि प्रतिवेदन पारित गरेको छैन ।	
	अतः आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम तर्फ	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शान्ती चौधरीले मिति २०७६।३।२६ गते रु.६४ करोड ३८ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेको मिति २०७६।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
४.	**राजश्व परामर्श —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समितिको बैठक २०७७ बैसाख २६, जेठ ५, जेष्ठ ९ र जेठ २७ मा बसेपनि कुनै निर्णय भएको देखिएन । राजश्वका दर, क्षेत्र र अनुमानित राजश्व आय बजेट तर्जुमा समतिलाई सिफारीस गर्नुपर्नेमा सो नगरी सभामा राजश्वको दर मात्र सिफारीस गरेको छ । बजेट कितावमा अनुमानित राजश्व आय पेश गरे पनि राजश्वको अनुमान यथार्थ परक देखिएन यसमा सुधार हुनुपर्दछ । *यस सम्बन्धमा राजश्वका श्रोत, दायरा र दर विश्लेषण गरी आगामी आ.ब.को लागि राजश्व तथा आन्तरिक श्रोतको अनुमान गर्ने कार्यालयको भनाई रहेको छ ।*	
५.	**बजेट तर्जुमा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ। समितिको २०७६।२।२१ र २०७६।३।४ मा बैठक बसे पनि ऐनले तोके बमोजिम उल्लेखित कार्यहरु गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । *यस सम्बन्धमा श्रोत अनुमान तथा बजेट सिमा निर्धरिण समितिबाट निर्धारिण भएको आयको प्रक्षेपण र वितरणको खाका बमोजिम बजेटको सिमामा रही कार्य गर्ने कार्यालयको भनाई रहेको छ ।*	
६.	**कार्यक्रम नतोकि बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था विपरीत यसवर्ष कार्यालयले यस वर्ष वडाध्यक्ष सम विकास कोष प्रति वडाध्यक्ष ३ लाख, उपाध्यक्ष सम विकास कोष रु. ५ लाख र अध्यक्ष सम विकास कोष रु. १० लाख समेत पूँजीगत शीर्षकमा रु. ३९,००,०००।— विनियोजन गरेको देखियो । सभामा कार्यक्रम तथा बजेट पेश गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी खर्च लेखेकोले यसमा सुधार हुनुपर्दछ।	
७.	**चौमासिक खर्च —**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.१४ करोड ४६ लाख १० हजार मध्ये तेश्रो चौमासिकमा रु.१० करोड ७० लाख १६ हजार र आषाढ महिनामा रु.७ करोड ४ लाख १८ हजार खर्च	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>भएको पाइयो । जस अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ७४% र आषाढमा ४८.६९% खर्च भएको देखियो । अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कमभै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>८.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।
<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५७४०५९४९</td><td>१८९४२२४७</td><td>४.८९</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२३३१३६८८२</td><td>१०५३३०५०८</td><td>२७.२२</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४१८६३५८९</td><td>१७९७४४९६२</td><td>४६.४४</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०.००</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>८४०४०००</td><td>८०२०००५</td><td>२.०७</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०३००२०००</td><td>७४९७२२७२</td><td>१९.३७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६४३८१२४२०</td><td>३८७००९९९४.५</td><td>१००.००</td></tr>
</table>
विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४६.४४ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.०७ प्रतिशत रहेको छ भने वातावरण विकास क्षेत्रमा वजेट विनियोजन नै गरेको छैन ।</td><td></td></tr>
<tr><td>९.</td><td>खर्च बिश्लेषण - गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ६ करोड ५३ लाख ६६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४६ करोड ८३ लाख १ हजार समेत रु.५३ करोड ३६ लाख ६७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २६ करोड २५ लाख ९९ हजार र पूँजिगत तर्फ रु. १४ करोड ४७ लाख २० हजार समेत रु. ४० करोड ७३ लाख १९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.०५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९६ लाख ६७ हजार खर्च भएको छ जुन आन्तरिक आयको १४.७९ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.२० प्रतिशत चालु र २७.११ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>लक्ष्य प्रगति —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनाकुल ४५४ वटा कार्यक्रम सञ्चालन गरेका मध्ये सबै आयोजनाको ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	संरचना कायम हुने व्यवस्था छ । कार्यालयले स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण लेखापरीक्षण समक्ष पेश गरेन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदाँ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.	**वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ। वडा संख्या: ८; वड सचिवको दरबन्दी: ८; वडा सचिवको पदपूर्ति: ३; रिक्त वडा सचिव: ५	
१३.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न १५ पदमा ६५ जना कर्मचारीहरु करारमा राखि रु. १,३७,०४,७२०।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ११ पदमा ३२ जना करार नियुक्ति गरी बर्ष भरीमा रु. ७६,७८,१९०।- भुक्तानी गरेको छ ।	
१४.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१५.	**सेवा प्रवाह —** सुशासन (व्यवस्था पन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ४ घरनक्सा पास, १५०५ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।	

Nested table in item १२:

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
८	८	३	५

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>कानुन निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१६.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, ५ वटा नियमावली, १५ कार्यविधि लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८. र यो बर्ष थप भएको ५३ गरी कुल ७१ विवाद दर्ता भएकोमा ३१ वटा मात्र फछ्यौट भई ४० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८.</td><td>आन्तरिक लेखापरीक्षण — आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कोष तथा लेखा नियन्त्रक कार्यालय दाङले यस कार्यालयको केन्द्रिय र प्रदेश बजेटको निकासा तर्फको तथा कार्यालयबाट गाउँपालिका तर्फको आन्तरीक लेखापरीक्षण गरेतापनि चौमासिक रुपमा प्रतिवेदन जारी गरेको छैन । लेखापरीक्षण गरी चौमासिक प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१९.</td><td>पदाधिकारी सुविधा - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले ऐन संशोधन गरी पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचीमा उल्लेख भएको सूविधा मात्र दिन मिल्ने र पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा नपाउने उल्लेख छ । कार्यालयले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा श्रावण देखि आश्विन सम्म रु.२८०३४१७।- खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६८,६४,०००।-सुविधा वापत भुक्तानी भएको छ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ३१ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>८४००</td><td>८४००</td><td>२०१०००</td><td>५०४००</td><td>३७८००</td><td>३०६०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>यातायात खर्च</td><td>१०८०००</td><td>१०८०००</td><td>७२००००</td><td>३२४०००</td><td>७२९०००</td><td>१९८९०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>३१५००</td><td>२७०००</td><td>२१६०००</td><td>१६२०००</td><td>६०७५००</td><td>१०४४०००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका,ईन्टरनेट</td><td>३६०००</td><td>३६०००</td><td>२१६०००</td><td>१६२०००</td><td>४८६०००</td><td>९३६०००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>९००००</td><td>७२०००</td><td>४३२०००</td><td>२७००००</td><td>७२९०००</td><td>१५९३०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>५४०००</td><td>४५०००</td><td>२८८०००</td><td>०</td><td>०</td><td>३८७०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/सरसफाई</td><td>४५०००</td><td>४५०००</td><td>१४४०००</td><td>०</td><td>०</td><td>२३४०००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>९६०००</td><td>६००००</td><td>१८९०००</td><td>३७५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८७९००</td><td>३५६४००</td><td>२३१३०००</td><td>१०२८४००</td><td>२७७८३००</td><td>६८६४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.</td><td>कानुनी तथा प्रेस सल्लाहकार - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर कानुनी सल्लाहकारको रुपमा हरि बेलबासेलाई मासिक रु. १२०००.० को दरले १३ महिनाको रु.१५६०००.० र प्रेश संयोजकको रुपमा शिवराज पन्थीलाई मासिक रु.१४०००। को दरले १३ महिनाको रु.१८२०००। गरी जम्मा रु.३३८०००.० भुक्तानी भएको छ । ऐनमा व्यवस्था भए विपरित पदपुर्ति गरी खर्च लेखी वढि व्ययभार परेको रु.</td><td>३३८०००/-</td></tr>
<tr><td>२२.</td><td>गो.भौ.नं. ३३४-२०७७।३।१६ कार्यालयले गाउँपालिका तर्फबाट नदिजन्य पदार्थको मुद्दामा बहस पैरवि र कानुनी परामर्श बापत खरेल एण्ड खरेल ल एसोसियटस् प्रा.लि लाई रु.१,४१,२५०।- खर्च गरेको छ । कार्यालयमा कानुनी सल्लाहकार नियुक्त गरी मासिक रुपमा पारिश्रमिक खर्च लेखेको अवस्थामा भएको यस प्रकारको खर्च नियमसम्मत नदेखिएको रु.</td><td>१४१२५०/-</td></tr>
<tr><td>२३.</td><td>दोहोरो सुविधा - कार्यालयले पदाधिकारीहरुलाई दोहोरो सुविधा हुने गरी खर्च लेख्नु हुदैन । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न वडाध्यक्षहरुले प्रयोग गर्ने मोवाइलमा रिचार्ज गरे बापतको सञ्चार सुविधा लिएको अवस्थामा पुन आषाढ महिनामा कार्तिक देखिको पदाधिकारी सुविधा भुक्तानी लिदा टेलिफोन मोबाइल शिर्षकमा रु.२१६०००।— खर्च लेखेको पाइयो । विभिन्न गोश्वारा भौचरबाट मोबाइल रिचार्ज बापत सञ्चार खर्च लेखेको अवस्थामा पुन खर्च लेखेको असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको नाम</th><th>सञ्चार रकम</th></tr>
<tr><td>१.</td><td>बाबुराम अधिकारी</td><td>६०००</td></tr>
<tr><td>२.</td><td>भक्तु चौधरी</td><td>४०००</td></tr>
<tr><td>३.</td><td>तुलसीराम चौधरी</td><td>५०००</td></tr>
<tr><td>४.</td><td>गुलाम मोहमद जागा मुसलमान</td><td>५०००</td></tr>
<tr><td>५.</td><td>प्रकाश भण्डारी</td><td>७०००</td></tr>
<tr><td>६.</td><td>बालचन्द्र हमाल ठकुरी</td><td>६०००</td></tr>
<tr><td>७.</td><td>राहुलदेव चौधरी</td><td>७०००</td></tr>
<tr><td>८.</td><td>सद्धाम सिद्धिकी</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५०००.०</td></tr>
</table>
</td><td>४५०००/-</td></tr>
<tr><td>२४.</td><td>सरकारी सवारी साधन प्रयोग गर्नेले यातायात खर्च बापतको रकम भुक्तानी लिन मिल्दैन । गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले सरकारी गाडी प्रयोग गरेको र वडा नं.५ का वडाध्यक्ष बाहेक ७ वडाध्यक्षहरुले सरकारी मोटरसाइकल र सो बापतको इन्धन सुविधा लिएको अवस्थामा पुन यातायात खर्च बापत क्रमश अध्यक्षले रु.१०८०००।-, उपाध्यक्ष रु.१०८०००।- र ७ जना वडाध्यक्षको रु.९००००।. को दरले रु.६,३०,०००।- भुक्तानी लिएकोले दोहोरो सुविधा रु. ८,४६,०००।- असुल हुनुपर्ने रु.</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>८,४६,०००/-</td></tr>
<tr><td>२५.</td><td>विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष विविधतर्फ मात्र रु. १७,४९,९३४।- खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु.२८५०००। आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>इन्धन खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष इन्धनमा रु.२८,५६,६०५।- खर्च गरेको छ । आन्तरीक नियन्त्रण कार्यविधि तयार गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>अनुदान फिर्ता, वितरण र उपयोग</td><td></td></tr>
<tr><td>२८.</td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ। कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>वितरणमुखी कार्यक्रम — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ। कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यालयले व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको देखिन्छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी विना आधार र समूहको सिफारीस वेगर दामासाही वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई बस्तुगत अनुदान वितरण गर्ने कार्य उचित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>सहयोगको विवरण</th><th>अनुदान रकम</th><th>कार्यक्रम शिर्षक</th></tr>
<tr><td>बिभिन्न</td><td>बिभिन्न १८ व्यक्तिलाई निजहरु स्वयंले खरिद गरी विल पेश गरेको आधारमा सिंचाईको लागि मोटर खरिद वापत</td><td>७१७२४०</td><td rowspan="4">प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम</td></tr>
<tr><td>बिभिन्न</td><td>बिभिन्न १४ व्यक्तिलाई निजहरु स्वयंले खरिद गरी विल पेश गरेको आधारमा जस्तापाता तथा सिमेन्ट खरिद वापत</td><td>९०८११५</td></tr>
<tr><td>२९-०७७/३/३०</td><td>प्रा.वि स्कूलका छात्राहरुलाई कपी वितरण गर्न खरिद गरेको भनी भुक्तानी भएकोमा लेखापरीक्षण अवधि सम्म वितरण नभएको</td><td>४९००२५</td></tr>
<tr><td>३०-०७७/३/३०</td><td>मदरसा जियाउल तौहित प्रा.वि.लाई सामग्री खरिद भुक्तानी भनी खर्च लेखेकोमा के के सामान खरिद भए सोको जिन्सी दाखिला</td><td>९९५८५</td></tr>
</table></td><td>७५२०४९९/-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

	प्रतिवेदन पेश नभएको		
३२-०७७/३/३१	८५५ वटा अन्न भण्डारण व्याग खरिद गरी कृषक समूहलाई वितरण	२९९२५०	
१८२-०७७/३/१५	पश्चिमाञ्चल हार्डवेयरवाट ५०४ पिस जस्तापाता सिधै खरिद गरी कार्यपालिकाको मिति २०७६।११।३ को निर्णय अनुसार वडा ८ र १ मा हस्तान्तरण	४९६८००	नगरपालिका पूँजीगत
२६२-०७७/३/२५	पश्चिमाञ्चल हार्डवेयरवाट ५०४ पिस जस्तापाता सिधै खरिद गरी कार्यपालिकाको मिति २०७६।११।३ को निर्णय अनुसार वडा ८ र १ मा हस्तान्तरण	४९६८००	
२९८-०७७/३/३१	पश्चिमाञ्चल हार्डवेयरवाट ५०४ पिस जस्तापाता सिधै खरिद गरी कार्यपालिकाको मिति २०७६।११।३ को निर्णय अनुसार वडा ८ र १ मा हस्तान्तरण	४९६८००	
बिभिन्न ३६ भौचरवाट	बिभिन्न ३६ भौचरवाट स्यालो टुयववेल १ जनालाई ५२२००।—, २ जनालाई रु. ५२,५००।—, ३ जनालाई ६०,०००।— का दरले, ७ जनालाई ५४,०००।— का दरले र २३ जनालाई २९,०००।— का दरले	१३८२२००	
१३६-२०७६/१०/१९	वडा नं.६ खेलकुद सामाग्री वितरण	१४२१०४.०	गा.पा चालु
६४-२०७६/८/२४	वडा नं.७ खेलकुल सामाग्री वितरण	५१२५०.०	
७८-२०७६/८/२७	वडा नं. मा बर्षिमको घाँस वितरण	३००००.०	
२९२-२०७७/२/२८	गाउँपालिका सबै वडामा ३१० जनालाई कम्मल वितरण	४०००००.०	
३४४-२०७७/३/१९	विपन्न बालबालिकाहरुको लागि स्कुल ड्रेस वितरण	१९९५००.०	
३८६-२०७७/३/२८	वडा नं. २ का युवाहरुलाई खेलकुद ड्रेस तथा सामाग्री वितरण	१००९३०.०	
३९९-२०७७/३/३०	१७ दिर्घ रोगीहरुलाई रु.१०,०००।— को दरले वितरण	१७००००.०	
७-२०७६/८/२७	जै घास र बर्षिम घाँस खरिद गरी वितरण	२२५०००.०	गा.पा पशु
२७-२०७७/३/२८	टियोसेन्टी घाँसको विउ वितरण	९८०००.०	
२-२०७६/१०/७	मुसुरो दाल आलु र गहुँ विउ वितरण	४४३५००.०	गा.पा कृषि
६-२०७७/३/२८	च्याउ मिनिकेट तरकारी मकै विउ वितरण	२७३४००.०	
	जम्मा	७५२०४९९.०	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
३०.	गो.भौ.नं. ४०-२०७७/३/४ कार्यालयले आदिबासी जनजाती माघी मिलान कार्यक्रमबाट पिछडिएका वर्ग तथा एकल महिलाहरुलाई साइकल वितरण कार्यक्रम सञ्चालन गरी २४ थान साइकल खरिद गरी उपाध्यक्ष शान्ती चौधरीलाई रु.१९२००९.० भुक्तानी गरी साइकल वितरण गरेको छ। राजनीतिक पदाधिकारीलाई खर्च गर्ने आर्थिक अधिकार नभएको र नीतिगत तथा व्यवस्थापकिय कार्य गर्नुपर्नेमा उपाध्यक्ष आफैले रकम बुझि खर्च लेखेको उचित नदेखिएको रु.	१९२००९/-
३१.	**तरकारी तथा घाँसको विउ वितरण -** कार्यालयले खरिद गरेको संख्यामा नै आलुको विउ वितरण गर्नुपर्दछ। आलु विउ खरिद र वितरण भरपाइ परीक्षण गर्दा खरिद भन्दा कम संख्यामा वितरण भएको पाइयो । खरिद भन्दा कम वितरण भएका विउ सम्बन्धीतबाट असुल हुनुपर्ने रु.	१०,०००/-

गो.भौ.नं. मिती	विउको नाम	खरिद परिमाण	वितरण परिमाण	कम वितरण	दर	मूल्य	कैफियत
२-२०७६/१०/७	आलुको विउ	१८५०	१८००	५०	२००	१००००	कृषि शाखा

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
३२.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी,	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा गाउँपालिकाले २० उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.११,१०,३८५।- खर्च गरेको छ ।	
	योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा	
३३.	**निर्माण कार्यको गुणस्तर —** खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. १४ करोड ४७ लाख २० हजार पुँजीगत खर्च गरेकोमा कुनैपनि योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ ।	
३४.	**कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन। नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।	
३५.	**खरिद कारवाही अभिलेख —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।	
३६.	**बार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४ करोड ४७ लाख २० हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>३७.</td><td>सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु.५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा ९ फर्महरुसँग पटक पटक गरी रु. २९,६७,३८५।- को सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.१.</td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान समेत तयार नगरी निम्नानुसारका सप्लायर्सवाट ८ सेट सोलार बत्ति खरिद गरी रु. ९,९७,३६०।— भुक्तानी गरेकोमा सिधै खरिद गरेको छ। नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट गराउनुपर्नेमा सो समेत नगरी सिधै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>सप्लायर्सको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२९७-०७७/३१</td><td>दर्शन लाइफ इनर्जि ४ सेट</td><td>४९८६८०</td></tr>
<tr><td>२९९-०७७/३/३१</td><td>भेरी रासी उर्जा प्रा.लि ४ सेट</td><td>४९८६८०</td></tr>
<tr><td></td><td></td><td>९९७३६०</td></tr>
</table></td><td>९९७३६०/-</td></tr>
<tr><td>३८.</td><td>योजना छनौट र विनियोजन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय'व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ। जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ । कार्यपालिको शिफारीस अनुसार मिति २०७६।११।२८ मा बसेको छैटौं सभाले पांचौ सभावाट विनियोजन भएकोमध्ये रु.१७,११,०००।— का ७ योजना वडा कार्यालयको सिफारीस बमोजिम संशोधन गरी पारित गराएको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । योजना छनौटका प्रक्रिया पूरा गरी असार १० गतेभित्रको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३९.</td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख देखि २ लाखसम्म	रु २ लाख देखि ५ लाखसम्म	रु ५लाख देखि १० लाखसम्म	रु १० लाखभन्दा बढी	जम्मा
१२५	१९५	१०९	२५	४५४

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस बर्ष ४५४ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र १२५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।

४०. **ठेक्का व्यबस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

(रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
८२८२१	४	१९८०	३	५७००	१०	९७६००		४६२००

४१. **वीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट गरेका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा बिमा राखे पनि बिमा नगराएको तथा उपभोक्ता समितिहरुले गर्ने काममा विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन। निर्माण कार्यको जोखीम न्युनिकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

४२. **कम विनियोजन —** बजेट तयार गर्दा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गरेरर मात्र बजेट विनियोजन गरिनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसारका योजनाहरु अधुरो रहने गरी बजेट विनियोजन गरेकोले काम पुरा भएको छैन। प्राविधिकले लागत अनुमान तयार गर्दा विनियोजन बजेटको आधारमा लागत अनुमान तयार गर्ने तथा मूल्यांकन गर्दा भए गरेको कामको नापजाँच गरी सोही अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखियो। सभाले बजेट विनियोजन गर्दा कामको प्रकृतिलाई मध्यनजर गरेर मात्र बजेट विनियोजन गर्नुपर्दछ।

योजनाको नाम	बजेट विनियोजन	लागत अनुमान	कार्यसम्पन्न	भएको काम
मोतिपुर अधुरो महिला भवन निर्माण	२०००००	२२९५८८	२१५३३३	वाल र ढलान
मानपुर अधुरो महिला भवन निर्माण	२५००००	२९२४४०	२८८६१७	डिपिसी र पिल्लर
कान्छीगाउँ अधुरो महिला भवन निर्माण	२०००००	२३२५८८	२३०३४६	वाल र ढलान
चन्दनपुर अधुरो महिला भवन निर्माण	४०००००	४६१४३०	४६५९३१	वाल र ढलान
शान्तिपुर महिला भवन निर्माण	२५००००	२८८१११	२८८६१७	डिपिसी र पिल्लर

४३. **रकमान्तर —**स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न बनेको बिधेयक, २०७६ को दफा ३(१) मा पदाधिकारी र सदस्यहरुले आफूले निर्वाचित भई काम कारवाही सुरु गरेको मितिदेखि अनुसूची बमोजिमको रकममा नवढने गरी स्थानीय तहको

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>आन्तरीक स्रोत समेतको आधारमा ऐनमा उल्लेखित सुविधा पाउने व्यवस्था छ । कार्यालयले २०७६ फागुण २८ को छैटौं सभावाट संघीय राजश्व बाँडफाँडवाट कर्मचारी पारिश्रमिक सुविधामा पाँचौ गाउँसभाले विनियोजन गरेको शिर्षकवाट रु.६७,१५,०००।— रकमान्तर गरी पदाधिकारी सुविधामा रकमान्तर गरी खर्च लेखेको ऐन सम्मत नदेखिएको सम्बन्धमा गाउँसभाबाट पारित निर्णय बमोजिम मात्र कार्यक्रम सञ्चालन गर्ने र पूँजीगतबाट चालुमा रकमान्तर नगरीने कार्यालयको भनाई रहेको छ ।</td><td>६७१५०००/-</td></tr>
<tr><td>४४.</td><td>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहलाई प्राप्त भएको वित्तीय समानीकरण अनुदान वाट सवारी साधन खरिद गर्न पाइने देखिंदैन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>४४.१.</td><td>मोटरसाइकल खरिद —कार्यालयले कोइलावास स्वास्थ्य चौकी मार्फत संचालन हुने एम्वुलेन्स खरिद गर्न वित्तीय समानीकरण अनुदानबाट रु.१३ लाख विनियोजन गरेकोमा एम्वुलेन्स खरिद नगरी सो रकमवाट एस जेट १५० सिसिको मोटरसाइकल खरिद गरी निलकमल ट्रेडर्स लाई भौ.नं. १९—०७६।९।२९ वाट रु.२,३२,९००।— भुक्तानी गरेको छ । वित्तिय समानिकरणवाट सवारी साधन खरिदमा बजेट विनियोजन गर्ने तथा स्वास्थ्य चौकीको लागि एम्वुलेन्स खरिद गर्न विनियोजित रकमवाट मोटरसाइकल खरिद गरी कार्यालयमै राखेकोले खर्च नियमसम्मत देखिएन रु.</td><td>२३२९००।-</td></tr>
<tr><td>४४.२.</td><td>सवारी मर्मत —गोवरहिडा स्वास्थ्य चौकीको लागि एम्वुलेन्स खरिद गर्न बजेट विनियोजन गरेकोमा एम्वुलेन्स खरिद नगरी रा १ झ ११६ को सवारी साधन मर्मत गरी सिप्रदी ट्रेडिङलाई भौ.नं.२००—२०७७।३।१८ वाट रू.२,२७,९६०।— खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>२२७९६०।-</td></tr>
<tr><td>४५.</td><td>योजना कार्यान्वयन —सभाले स्वीकृत गरेको योजना कार्यान्वयन हुनुपर्दछ । पाँचौ सभाले श्रीकृष्ण चोक देखि बुद्धज्योती सडक कालोपत्रे तथा पक्की नाली निर्माणको लागि वडा नं. ६ को कार्यक्रमवाट पूंजीगत शिर्षकमा बजेट विनियोजन गरेकोमा भ्रमण वर्ष २०२० को प्रचार प्रसार कार्यक्रम अन्तर्गत गाउँपालिकाको पर्यटकीय, धार्मिक, सांस्कृतिक भाषाभाषि सहितको संरक्षण तथा प्रवर्द्धनका निमित्त श्रव्य दृष्य निर्माण गर्न भ्वाइस अफ द भ्वाइलेन्स नामक गैर सरकारी संस्थालाई छायाँकन गरेको भनी भौ.नं. १९७—०७७।३।१८ वाट रु. ४,७०,०००।— खर्च लेखेको छ । सभाले स्वीकृत गरेको पूँजीगत बजेटवाट चालु प्रकृतिको कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>४७००००।-</td></tr>
<tr><td>४६.</td><td>अनुदान — आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सिमाभित्र रीतपूर्वकको कागजात भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले भौ.नं.३४—२०७६।११।१६मा दिपेन्द्र होमजुन आधारभूत बिद्यालयको लागि रु.१,९५,०००।— खर्च लेखेकोमा बिलभरपाई वेगर र प्रयोजन समेत नखुलाई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>१९५०००।-</td></tr>
<tr><td>४७.</td><td>सर्पदंश भवन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । योजना कार्यान्वयन गर्दा खरिद योजना वेगर र लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय विचार नै नगरी सर्पदंश भवनको लागत अनुमान टुक्रयाई ४ प्याकेजमा निम्नानुसार कार्यान्वयन गराएको पाईयो ।
<table>
<tr><th>भौचर नं. मिति</th><th>कामको विवरण</th><th>लागत अनुमान (मू.अ.कर समेत)</th><th>निर्माण व्यवसायी</th><th>कवोल रकम</th><th>कूल भुक्तानी</th></tr>
<tr><td>६० /२४०-०७७/३/२३</td><td>सर्पदंश भवन</td><td>६१७४९४६</td><td>रितु निर्माण सेवा</td><td>४०००७६९</td><td>४०००२१६</td></tr>
<tr><td>९८/२७६-०७७/३/२८</td><td>ट्रस निर्माण</td><td>४४९५५६३</td><td>निमादेवी निर्माण सेवा</td><td>२८२९८३७</td><td>२८२९८३८</td></tr>
</table></td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२०१-०७७/३/१८	ग्याविन प्राटेक्सन कार्य	४९९३९०	एमएस निर्माण सेवा	४८९३९३	४८९५०५
२५०-०७७/३/२४	,,	४९९२१६	रितु निर्माण सेवा	४९९२१६	४८८७४०
जम्मा					७८०८२९९

उल्लेखित योजनाको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

क) कार्यालयले लागत अनुमान तयार भएको मिति, स्वीकृत गरेको मिति उल्लेख नगरेको र एकमुष्ट लागत अनुमान तयार नगरी लागत अनुमान टुक्रयाई खरिद गर्नुपर्नाको आधार लेखापरीक्षणमा पेश नभएको ।

ख) योजनाको विस्तृत लागत अनुमान तयार नगरी योजना टुक्रयाई साना प्याकेज बनाएको,

ग) निर्माण व्यवसायीले सम्पन्न गरेको कामको नापजाँच गरेको मिति, प्राविधिक मूल्यांकन र कार्यसम्पन्न तयार गरेको मिति उल्लेख नगरेको ।

अतः कार्यालयले लागत अनुमान टुक्रयाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेको र खरिद व्यवस्थापनलाई लामो तथा झञ्झटिलो हुने गरी कार्यपालिकाको निर्णयवाट खरिद तथा भुक्तानी गरेको नियमसम्मत तथा मितव्ययी नदेखिएको रु.

७८०८२९९/-

४८. **सम्झौता बमोजिम काम नगरेको —** गाउँपालिका पूंजीगत तर्फ ठे.न. १५।२०७६।७७ को कार्यालयको लागत अनुमान रु. ५०,७८,३३०।— रहेको कार्य बोलपत्रदाताहरुमध्ये सवैभन्दा कम कवोल गर्ने उज्वल निर्माण सेवाको कवोल अंक २९,११,१९४।— मा मिति २०७८।११।२५ भित्र सम्पन्न गर्नेगरी मिति २०७६।११।२६ मा भएको सम्झौता भएको थियो। तर निर्माण व्यवसायीलाई प्रदान गरेको कार्यदिश अनुसार २०७७।३।१५ भित्र कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायीले कार्यदिश अनुसार काम नगरी हालसम्म रु.१६,८६,५५२।—बरावरको कामको भुक्तानी दिएको छ। कार्यदिश अनुसार काम गर्नुपर्ने अवधि समाप्त भएपनि सम्झौता अनुसार कार्यगर्ने अवधि वांकी रहेकोमा लेखापरीक्षण अवधिसम्म थप काम भएको देखिएन। अतः सम्झौता बमोजिम काम सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

४९. **दर रेट —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गर्ने कार्यको लागि डोलिडार तथा सडक बिभाग दुवैले तयार गरेको नर्म्सको प्रयोग गर्ने गरेको छ । सडक विभागको नर्म्स प्रयोग गरी दर निर्धारण गर्दा उपभोक्ता समितिले नर्मल ग्राभेल बिछ्याउने कार्यको दर रु.१०१७।— हुनेमा रु.१११०।— प्रयोग गरेकोले प्रति घ.मी. रु.९३ बढी लागत परेको छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार योजनामा बढी दर राखी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.

१७८६०२/-

भौ.नं. मिति	योजनाको नाम	कार्यालयवाट भुक्तानी	ग्राभेलेको परीमाण (घमी)	बढी दर	बढी भुक्तानी रकम
९०-०७७/२/९	कोटही मन्दीर पक्की नाली तथा ग्राभेल	१००००००	१५०	९३	१३९५०
९३-०७७/२/१४	मानपुर चोकदेखि चिलयासम्म नाली तथा ग्राभेल	१००००००	११२.२०	९३	१०४३५
९७-०७७/२/१६	मकनहवा जोड्ने बाटो ग्राभेल पक्की नाली	१००००००	१५०.३०	९३	१३९७८
१००-०७७/२/१८	लक्ष्मीपुर चित्रबहादुर घर देखि झो.पु सम्म ,,	१००००००	१४९.६	९३	१३९१३
१०४-०७७/२/२१	शान्ती पिपलवोट उत्तर १० ,,	७०००००	९३.७५	९३	८७१९
११८-०७७/२/२३	कोठरी गल्ली पक्की नाली तथा सडक ,,	१००००००	१४०	९३	१३०२०
१२२-०७७/२/२५	सुनपुरुवा बाटो तथा कूलो निर्माण	६०००००	४५५	९३	४२३१५
१२४-०७७/२/२६	तिनघरुवा पक्की नाली बाटो ग्राभेल	९८५०००	१२४.४	९३	११५६९
१७५-०७७/३/१५	बघमरुवा पक्की नाली बाटो ग्राभेल	८०००००	९४.८९	९३	८८२५
१७८-०७७/३/१५	झारवैरा नाली तटा बाटो निर्माण	९९७०००	१४४	९३	१३३९२

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२१६-०७७/३/१९	बनवारी र बनघुस्री कल्भर्ट	१००००००	८४	९३	७८१२
२१७-०७७/३/१९	रतनपुर पक्की नाली तथा बाटो निर्माण	९९६०००	२२२.३०	९३	२०६७४
					१७८६०२

उपभोक्ता समिति मार्फत कार्य

५०. **भवन निर्माण—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत गर्न नहुने, उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा जनसहभागिताको अंश रहनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ । निम्नानुसारको भवन उपभोक्ता समिति मार्फत गरेको नियमसम्मत नदेखिएको रु. ८९१५४०/-

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	सम्पन्न काम	भुक्तानी
१५-०७६/९/२८	इलाका प्रहरी कार्यालयको गेट तथा मन्दीर निर्माण	५८८२९०	५८८२७७	४९६५००
११५-०७७/२/२१	गोवरडिया स्वास्थ्य चौकी छत ढलान	४६४१४२	४५९१८५	३९५०४०
जम्मा				८९१५४०

५१. **खेलकुद मैदान —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा विल विजक भुक्तानी गर्दा उल्लेख गर्नुपर्ने सम्बन्धी व्यवस्था छ।जसमा निर्माण कार्यको नाप, आकार, परिमाण मुल्य लगायतको विषय उल्लेख छ। कार्यालयले खेलकूद मैदान सुधार वडा नं. २ को लागत रु.४,६०,१७२।९३ रहेकोमा योजनाको साइड सफा गर्ने कार्यको प्रति घ.मी रु.७।३८ तथा खन्ने र सम्याउने कार्य प्रति घ.मी रु.९०।५९ मेशिनको दर राखी उपभोक्ता समितिसंग सम्झौता भएको थियो। सम्झौता अनुसार साइड सफा गर्ने कार्य २८,९५६.२ मी र खन्ने सम्याउने २८९२ घ.मी भएको भनी रु.४,७५,६८३।—को कार्यसम्पन्न बनाई भौ.नं.२९४—०७७।३।३१ बाट रु.४,००,०००।—भुक्तानी गरेको छ। पेश भएको खर्चको विल भरपाईको परीक्षण गर्दा मेशिनले गर्ने गरी लागत अनुमान तयार गरेकोमा मेशिनको विल भरपाई पेश हुनुपर्नेमा पुरै डोर हाजीरी पेश भएको छ। लेखापरीक्षणको क्रममा कार्यालयका सम्बद्ध पदाधिकारी र लेखापरीक्षण टोलीबाट संयुक्त अनुगमन गरियो। अनुगमनको क्रममा उक्त परीमाणको कार्य वडाका ५ स्थानमा गरेको वडा अध्यक्षको भनाई रहेको छ। टोलीले ५ स्थान मध्ये ३ स्थानको अवलोकन गर्दा मानिस तथा मेशिनले काम गरेको देखिएन। सुधार गरेको खेल मैदान प्राकृतिक रुपमा नै रहेको देखिएकोले यस सम्बन्धमा यथार्थ भएको कामको परिमाण एकिन गरी भएको कामको भुक्तानी दिने अन्यथा असूल हुनुपर्ने रु. ४०००००/-

५२. **मुल्य समायोजन —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा मूल्य समायोजन गर्न सकिने व्यवस्था रहेको तथा नियमावलीको नियम ११९ मा मुल्य समायोजन गर्न प्रयोग गरिने सम्वद्ध मुल्य सूची, सुत्र प्रयोग गर्न लिइने आधार, मिति, सुत्र लागु हुने समयको अन्तराल र मुल्य समायोजनको सुत्रको प्रयोगबाट

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>देखिनुपर्ने न्यूनतम मुल्य वृद्धि र मुल्य समायोजन सम्वन्धी प्रावधान लागु हुन पूरा हुनुपर्ने अन्य शर्त तथा वन्देज लगायतका विषय उल्लेख गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रशासकिय भवन निर्माण कार्य (ठे.नं. १४—२०७४।७५) को छैटौं रनिङ विल वापत निर्माण व्यवसायी लुम्बिनी जलजला जे.भीलाई छैटौं विल सम्मको भुक्तानीमा मूल्य समायोजन वापत मू.अ.कर समेत रु.१४,३९,७३१।—भुक्तानी दिएकोमा प्रक्रिया पुरा नगरी मुल्य समायोजन भुक्तानी दिएको रु.</td><td>१४३९७३१/-</td></tr>
<tr><td></td><td>संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम</td><td></td></tr>
<tr><td>५३.</td><td>तलव खर्च —अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम योजना कार्यान्वियन गर्न स्थानीय तहलाई सशर्त अनुदान प्रदान गरिने व्यवस्था छ। जस अनुसार सशर्त अनुदानवाट प्राप्त रकम तोकिएको कार्यमा खर्च गरिनु पर्दछ। संघीय सशर्त अनुदानवाट स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा सञ्चालन खर्च वापत प्राप्त रकम गाउँपालिकावाट नियुक्त भएका करार कर्मचारीहरुको तलव तथा पोशाक खर्च पूँजीगत शिर्षकवाट निम्नानुसार खर्च लेखेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>८-०७७/१/१५</td><td>फाल्गुण चैत्र र पोषाक गरी १४ कर्मचारीको तलव भुक्तानी</td><td>५७००००</td></tr>
<tr><td>१०-०७७/२/९</td><td>२०७७ बैसाख महिनाको १५ कर्मचारीको तलव भुक्तानी र १ कर्मचारीको फागुण १५ देखिको तलव र पोसाक समेत</td><td>२६१८६६</td></tr>
<tr><td>१२-०७७/२/२५</td><td>२०७७ जेठ महिनाको १५ कर्मचारीको तलव भुक्तानी</td><td>२२९०००</td></tr>
<tr><td>१५-०७७/३/१०</td><td>२०७७ असार महिनाको १५ कर्मचारीको तलव भुक्तानी</td><td>२२९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२८९८६६/-</td></tr>
</table></td><td>१२८९८६६/-</td></tr>
<tr><td>५४.</td><td>डि.पि.आर —सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ । साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य संस्था नभएका वडाहरुमा ४ वटा भवन निर्माण कार्यको लागि लागत अनुमान तयार गर्न सार्वजनिक सूचना प्रकाशन नगरी प्रस्तावदातासँग पत्रद्धारा प्रस्ताव माग गरेकोमा परामर्श सेवाको लागत अनुमान तयार गर्दा लागत अनुमान तयारको आधार दर नलिई प्रत्येकको लागि रु.४,९९,४६०।— दरले कूल रु.१९,९७,८४०।— राखेको छ । परामर्श दातालाई पठाएको पत्रमा कार्यालय प्रमुखको दस्तखत नभएको, ३ वटा प्रास्ताव पेश भएकोमा २ प्रस्तावकको लागत अनुमान भन्दा बढी दर पेश भएको र सिआइएस इन्जिनियरिङ कन्सल्टेन्सीले लागत अनुमानको हाराहारी रु.१९,९७,८४०।—मा मिति २०७६।९।१५ सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा सम्झौता मिति उल्लेख नभएको, कार्यादेशको मिति २०७६।८।१५ भएपनि कार्यादेशमा चलानी नम्वर र मिति उल्लेख नभएको, स्वास्थ्य संस्था निर्माण गर्ने स्थान छनौट नभएको अवस्थामा पहिले लागत अनुमान तयार गरेको तथा स्वास्थ्य संस्थाको भवन निर्माणको लागत अनुमान कार्यालयलकै कर्मचारीले बनाउन सक्नेमा परामर्श दातावाट गराएको तथा कार्यालयले ३ वटा भवनको लागि बजेट विनियोजन नगरेको देखियो। वडा नं. ७ मा रु.५३,३१,९११।—लागत अनुमानमा ठेक्का व्यवस्थापन गरेकोमा रु.३६,०१,४५०।— मा निर्माण व्यवसायीले कवोल गरे पनि जग्गा विवादको कारण सम्झौता अगाडी बढ्न नसकेको कार्यालयको भनाई रहेको छ । स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था निर्माण सञ्चालन नगरी बजेट खर्च सक्ने उद्दश्यले मात्र परामर्शदाताबाट लागत अनुमान तयार गरी भौ.नं.३ —२०७६।९।२८ वाट रु. १९,९७,८४०।— डिपिआर खर्च लेखेको उचित नदेखिएको सम्बन्धमा स्थान एकिन भएपश्चात मात्र डि.पि.आरको प्रक्रिया अगाडि बढाइने कार्यालयको भनाई रहेको छ।</td><td>१९९७८४०/-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	प्रदेश सरकारवाट हस्तान्तरीत कार्यक्रम	
५५.	**कार्यविधि विपरित कार्यक्रम –** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा ६(अ) मा शिक्षा, स्वास्थ्य तथा क्षमता विकास कार्यक्रमहरु अन्तर्गत बिद्यालय बाहिर रहेकालाई बिद्यालय भर्ना गराउने, बिद्यालय छोड्नवाट रोक्न कार्यक्रमहरु गर्ने, प्राविधिक र शिपमूलक तालिम संचालन, निःशुल्क विमा र निःशुल्क स्वास्थ्य सम्बन्धी कार्यक्रम मात्र संचालन गर्न सकिने व्यवस्था छ । कार्यविधि विपरित ४६ जनालाई लोकसेवा आयोग तयारी कक्षा लिएको विवरण तयार गरी भौ.नं. ३–२०७६।१२।१० वाट रु.२,४७,८२५।–खर्च लेखेको छ । कार्यक्रम छनौट, संचालन र खर्च कार्यविधि अनुरुप नदेखिएको रु	२४७८२५/-
५६.	**ठे.नं. २५।२०७६।७७ –** प्रदेश सरकारवाट हस्तान्तरीत पूंजीगत कार्यक्रमतर्फ डिप बोरिङ पचहियाको रु.३४,२३,६७८।– को लागत अनुमान तयार गरी २०७६।१२।११ मा सूचना प्रकाशन गरेकोमा १ मात्र बोलपत्रदाता के.भी कन्स्ट्रक्सनले वोलपत्र पेश गरेको र कवोल अंक रु. ३०,३४,४४४।९४ मा कृषि विकास बैंकको जमानत नं. ०१९६।०५९४।४९३३३।२० को २०७७।२।८ देखि २०७८।७।२० सम्मको रु. ९०,०००।–कार्यसम्पादन जमानत पेश गरी मिति २०७७।३।१५ मा सम्पन्न गर्नेगरी मिति २०७६।२।१५ मा भएको सम्झौता भएको थियो । निर्माण व्यवसायीले कार्यसम्पादन जमानत सम्झौता रकमको ५ प्रतिशतले हुने रु.१,५२,०००।–राख्नु पर्नेमा रु. ९०,०००।–मात्र राखेकोले रु. ६२,०००।–कम रहेको देखिन्छ । सम्झौता अवधि समाप्त हुँदासम्म पनि निर्माण व्यवसायीले कार्य गरेको देखिएन। उक्त निर्माण कार्यको लागि कार्यालयले रु.३ लाख पेश्की समेत उपलव्ध गराएकोमा सोही निर्माण व्यवसायीले प्राप्त गरेको कालाकाँटे डिप बोरिङ ठेक्काको अन्तिम भुक्तानीमा कट्टा गरेको छ । निर्माण कार्य अगाडी बढाउन कार्यालयले निर्माण व्यवसायीलाई पत्र लेखेको छैन भने ठेक्का रद्द भएको समेत देखिएन । प्रचलित कानून र निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त अनुरुप ठेक्का अन्त्य गरिनु पर्दछ ।	
	स्थानीय पूर्वाधार विकास साझेदारी	
५७.	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई ८ परियोजना सञ्चालन गर्न रु.१,६५,००,०००।- बजेट प्राप्त भएकोमा रु.१,५०,८१,५८६ खर्च भई ९१।४० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।	
५८.	**योजना छनौट तथा कार्यान्वयन –** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ८(ज) मा योजना छनौट गर्दा सामुदायिक बिद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना मात्र छनौट गर्न पाइने, नियम ११(३) मा ५० लाख भन्दा बढी लागत अनुमान भएका आयोजना बोलपत्र माध्यमवाट ठेक्का गरी गर्नुपर्ने व्यवस्था छ । सांसद मेटमणी चौधरीको निर्वाचन क्षेत्र भित्र पर्ने यस गाउँपालिकामा छनौट भएको कार्यक्रमहरुमध्ये बिद्यार्थिबाट भर्ना, पठनपाठन शुल्क, परीक्षा शुल्क लगायत शुल्क उठाउने, विश्वबिद्यालय अनुदान आयोग तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने निजी क्षेत्रको गढवा बहुमुखी क्याम्पसको पूर्वाधार निर्माण गर्न योजना छनौट गरेको पाइयो । त्यस्तै नियमावली विपरित रु.५३,७३,४०२।– लागत अनुमान रहेको निर्माण कार्य ठेक्का मार्फत कार्यान्वयन गराउनु पर्नेमा उपभोक्ता समितिवाट कार्यान्वयन गरेको छ ।लागत अनुमान रु.५३,७३,४०२।– रहेको यस क्याम्पस उपभोक्ता समितिले रु.५,२६,९९३।७२(१०.५४)प्रतिशत र कार्यालयले रु.५०,००,०००।–(८९.४६) व्यहोर्ने गरी मिति २०७६।११।२१ मा सम्झौता भएकोमा प्राविधिक मूल्यांकन अनुसार	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	रु.५३,७३,४०२।—को मात्र काम भएकोले सम्झौता अनुसार रु.४८,१६,७१७।— मात्र खर्च लेख्नुपर्नेमा गो.भौ.नं.६ र १३—२०७७।३।३० बाट रु.४९,६२,०००।—लेखेकोले बढी भुक्तानी भएको रु.१,४५,२८२।— असूल हुनुपर्नाका साथै नियमावली विपरित योजना छनौट गरी उपभोक्ता समितिवाट कार्य गराई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	४९६२०००/-
५९.	**अनुपातिक कट्टी —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु.२८,०१,१९८।३९ रहेको मा.वि. पचहिया भवन उपभोक्ता समितिले रु.३,०१,१९८।३९ (१०.७५ प्रतिशत) र कार्यालयले रु.२५०,००,०००।—(८९.२५) व्यहोर्ने गरी मिति२०७६।११।१७ मा सम्झौता भएकोमा प्राविधिक मूल्यांकन अनुसार रु.२४,३३,५७९।—को मात्र काम भएकोले सम्झौता अनुसार रु.२१,७१,९६९।— मात्र खर्च लेख्नुपर्नेमा गो.भौ.नं. १२—२०७७।३।३० बाट रु.२२,२५,०००।— लेखेकोले बढी भुक्तानी भएको रु.५३,०३१।— असूल हुनुपर्ने रु.	५३,०३१/-
	सशर्त कार्यक्रमतर्फ	
६०.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत रहेका विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या माग भएकोमा विवरण पेश भएन । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गरी पठनपाठन नियमित गर्नुपर्दछ ।	
६१.	**अनुदानको अनुगमनः** गो.भौ.नं.४२-२०७६/१०/१९,१३९-२०७७/३/२५ कार्यालयले आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुदान रकमको अनुगमन गर्नुपर्दछ। कार्यालयले निम्न शिर्षकमा विभिन्न विद्यालयहरुलाई अनुदान दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन, हालसम्म पेश गरेको देखिएन। अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन। तसर्थ अनुदान रकमको अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।	

सि.नं.	अनुदानको विवरण	रकम
१.	६ मदरसाहरुलाई परम्परागत तथा धार्मिक विद्यालय अनुदान	९६३९९६.०
२.	सामुदायिक सिकाइ केन्द्र अनुदान	१०००००.०
३.	३ विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण	१९५००००.०
	जम्मा	३०१३९९६.०

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
६२.	**अनुपातिक कट्टी —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले मा.बि पचहियाको भवन निर्माण गर्न रु. ७०,६८,२६४।- को लागत अनुमान तयार गरी सोही बमोजिम कार्यसम्पन्न भएमा गाउँपालिकाबाट रु.६४ लाख अनुदान उपलव्ध गराउने गरी सम्झौता भएकोमा मिति २०७७।३।१५ मा रु. ६८३०११७।- मा नै कार्यसम्पन्न भएको छ। लागत अनुमान र सम्झौता भन्दा घटी कार्य सम्पन्न भएको अवस्थामा कार्यालयले भुक्तानी गर्दा सम्झौता बमोजिम कट्टा गरी उपभोक्ता समितिलाई रु.६१८१२५५।- भुक्तानी दिनुपर्नेमा कार्यालयले रु. ६४,००,०००।- भुक्तानी दिएकोले बढि भुक्तानी रु.२,१८,७४५।- असूल हुनुपर्ने रु.	२१८७४५/-

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
६३.	**दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि ५ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर अनुदान दिने र दिवा खाजा उपलव्ध गराएका विद्यालयहरुले विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा पेश गर्ने र सङ्ख्या एकिन गरी प्रथम चौमासिकमा निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चतता गरेर मात्र थप अनुदान दिने उल्लेख छ। यस वर्ष गाऊँपालिकाले दिवा खाजामा रकम रु. २९,४७,००५।० निकासा पठाएको छ। कार्यालयबाट फ्ल्यास रिपोर्ट अनुसारको बिद्यार्थी हाजिरी विवरण लेखापरीक्षण समक्ष पेश भएन। फ्ल्यास रिपोर्ट र कक्षागत हाजिरी विवरण वेगर खर्च लेखेको रकम एकीन गर्न सकिएन।	
	स्वास्थ्य	
६४.	कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
६५.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । कार्यालयले दरभाउपत्र मार्फत रु. ३६,५७,३२९।—र सोझै खरिद मार्फत पटक पटक रु. १६,३६,२९६।—गरी जम्मा रु. ५२,९३,६२५।- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन;	
६५.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
६५.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
६५.३.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
६५.४.	औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६६.	**औषधि परीक्षण** - प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ।यसरी खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु परीक्षण गर्दा तोकिए अनुसारको लोगो नलगाएको र औषधिमा मूल्य समेत अंकित भएको पाइयो। जुन स्वीकृत लोगो भन्दा फरक रहेको देखिन्छ।यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाइ पालना गरेको पाइएन। यस तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.स</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिती</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>Salmol-4</td><td>2022 September</td><td>Rs.20/10 tabs</td></tr>
<tr><td>२.</td><td>Chiloramin-4</td><td>2022 April</td><td>Ins supply</td></tr>
<tr><td>३.</td><td>Promethazine</td><td>2022 October</td><td>Ins supply</td></tr>
<tr><td>४.</td><td>Histanil 2ml</td><td>2022 August</td><td>Rs10/2ml</td></tr>
<tr><td>५.</td><td>Numorm 2ml</td><td>2022 August</td><td>Rs.20/2ml</td></tr>
<tr><td>६.</td><td>Quin c</td><td>2022 April</td><td>Rs.30</td></tr>
<tr><td>७.</td><td>Metroleb-400</td><td>2023 September</td><td>MoH not for sale</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन भने बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । श्रमिकको संख्या अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४४७ जनालाई रोजगारी उपलव्ध गराई रु. ५७,७७,३५५।- खर्च गरेको छ । लक्षित वर्गलाई ५ दिनदेखि ४२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>६८.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं. ५ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत भवन निर्माण कार्य गराउन मिल्ने देखिदैन। त्यस्तै कार्यविधिको बुदा नं.६ अनुसार आयोजना छनौट गर्दा गरिव तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने र उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पुर्वाधार निर्माण हुने आयोजना छनौट गर्नुपर्ने उल्लेख छ। कार्यालयले यसबर्ष चर्च निर्माणको लागि रु.१८९८८७०।६१ को लागत अनुमान तयार गरी धार्मिक सामुदायिक चर्च निर्माण उपभोक्ता समिति मार्फत कार्य गराई रु.१०,५४,५१६।- भुक्तानी गरेको छ। खर्च मध्ये कामदार ज्यालाको लागि रु.७११०९०। खर्च भएको छ भने छड सिमेन्ट खरिदको लागि रु.३५६२३२।- खर्च भएको छ । निर्देशिकाले तोके भन्दा विपरित प्रत्यक्ष रुपमा लाभ नदिने तथा दिगो आर्थिक प्रतिफल प्राप्त नहुने यस प्रकारको कार्यमा भएको खर्च नियमसम्मत नदेखिएको रु.</td><td>१०५४५१६/-</td></tr>
<tr><td>६९.</td><td>Covid विशेष कार्यकम – प्रदेश सरकार भूमी तथा सहकारी मन्त्रालय, कोभिड विशेष कृषि कार्यकमबाट गाउँपालिकालाइ कोभिड लक्षित व्यवसायिक तरकारी खेती प्रवद्धन, विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि प्रोत्सहान कार्यक्रम तथा बालीको उत्पादकत्व वृद्धिको लागि विउ उत्पादन समुह सहकारी प्रोत्साहन कार्यक्रम अन्तर्गत रु. ४३,२०,०००।- अनुदान प्राप्त भएको देखिन्छ। कोभिडको कारण वैदेसिक रोजगारीबाट फर्केका र व्यावसायीक तरकारी खेती गर्नेहरुलाइ प्राथमिकता दिइ गाउँपालिकाले २१६ जना कृषकलाइ अधिकतम रु. २०,०००।- सम्म दिई रु. ४३,२०,०००।—</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	अनुदान सम्बन्धित कृषकहरुको बैङ्क खातामा दाखिला गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;	
६९.१.	कोभिड विशेष कृषि कार्यक्रम, २०७० को बुदा नं.२१ बमोजिम व्यवसायीक तरकारी खेती गर्नेले न्यूनतम ३ रोपनी वा ३ कठ्ठामा खेती गरेको हुनुपर्ने उल्लेख भएकोमा सो अनुसार खेती भए नभएको कार्यालयबाट अनुगमन भएको छैन।	
६९.२.	निर्देशिकाको अनुसुची-५ को बुदा नं.२ अनुसार स्थलगत अनुगमन गरी प्रतिवेदनको आधारमा मात्र अनुदान दिने सम्झौता भएकोमा अनुदानको अनुगमन गरी प्रतिवेदनको आधारमा भुक्तानी गरेको देखिएन। यसबाट बास्तविक पिडितले अनुदान राहत पाए भनी आश्वस्त हुन सकिएन ।	
६९.३.	भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयले समेत दाङ जिल्लामा कुखुरापालक र व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुको लागि अनुदान कार्यक्रम सञ्चालन गरेकोमा गाउँपालिकाबाट समेत सही कार्यक्रम सञ्चालन भएकोले कार्यक्रममा दोहोरोपना छैन भनी आश्वस्त हुन सकिएन ।	
६९.४.	कार्यक्रमको सम्झौता फाराम अनुसार अनुदान प्राप्त गर्ने कृषकले व्यवसायलाइ कम्तिमा १ बर्ष निरन्तरता दिनुपर्ने र नियमित रुपमा प्रगति विवरण लगायतका तथ्याङ्क कार्यालयलाई उपलव्ध गराउनुपर्ने उल्लेख छ। कार्यालयले सम्झौता अनुसार प्रगति प्रतिवेदन प्राप्त गर्ने र सोको अनुगमन गर्ने गरेको छैन। अनुदानबाट प्राप्त उपलव्धिको अनुगमन गरी सोको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
	समानीकरण चालु	
७०.	**सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ। कार्यालयले यस सगुन सञ्चार प्रा.लिबाट योजना तयारी प्रयोजनार्थ रु.४,८३,६४०।- को सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याएकोमा सुचना प्रविधि विभागबाट प्रमाणीकरण गरेको छैन। प्रमाणीकरण बेगरको सफ्टवयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था र डिजिटल हस्ताक्षर मैत्रि सूविधा नहुने हुदाँ विभागबाट स्वीकृत मापदण्ड अनुसारको सफ्टवयर प्रयोग भएको छ भनी आश्वस्त हुन सकिएन। मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा तथ्याङ्कको गोपनियता र कार्य गुणस्तरमा असर गर्न सक्ने हुँदा कानून अनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।	
७१.	**तालीमवाट उत्पादित सामान -** व्यवसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७७ को बुदा १७ मा प्रदेश सरकार तथा स्थानीय सरकारले सञ्चालन गरेको तालिम कार्यक्रमबाट उत्पादित मालसामानको छुटै जिन्सी खाता राखी विक्री परिमाण, विक्रि रकम र सो रकम राजश्व दाखिला दुरुस्त देखिने गरी सम्बन्धीत निकायले अभिलेख राख्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष ४ वटा तालीम संचालन गरी रु २०,९०,६५५।- खर्च लेखेकोमा तालीमवाट उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रि गरी राजश्व आम्दानी गर्ने गरेको छैन । उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रीबाट आम्दानी वृद्धि गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।	
७२.	**विशेषज्ञ सेवा -** कार्यालयले दरबन्दी अनुसारको पदमा मात्र करार गरी कर्मचारी नियुक्त गर्न सक्दछ ।	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	कार्यालयले एम.वि.वि.एस डाक्टर श्री भरत पोखरेलसँग सम्झौता गरी मासिक रु.४०३८०।—पाउने गरी सम्झौता गरेको पाइयो।कार्यालयले यस बर्ष निज संगको सम्झौता अनुसार १२ महिनाको प्रति महिना रु.४०३८०। को दरले रु. ४,८४,५६०।- यातायात खर्च रु.१५०००। को दरले रु.१८००००।- र बन्दोबस्ती खर्च रकम बापत रु.२१०१०।—को दरले रु२५२१२०।-गरी जम्मा रु.९६१६८०।-भुक्तानी गरेको छ । यस सम्बन्धमा गत विगतको लेखापरीक्षणले औंल्याए पनि स्थिति यथावत छ ।	
७३.	**मूल्य अभिवृद्धि कर -** आन्तरिक राजस्व विभागको २०७६।२।२७ र महालेखा नियन्त्रक कार्यालयको २०७६।३।१० को पत्रानुसार ठेक्का मार्फत निर्माण व्यवसायीसंग कार्य गराएकोमा विजक रकमको मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा गरी कार्यालयले राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका कार्य निर्माण व्यवसायीसंग ठेक्का मार्फत गराएकोमा भुक्तानी भएको मूल्य अभिबृद्धि करको ५० प्रतिशतले हुने रकम कट्टा गरी राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला गरेको वा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	११,०७,४७९/-

गौ.भौ.नं. मिति	फर्मको नाम	विल रकम	६.५% मू.अ.कर
६५-२०७६/८/२४	नयाँ नेपाल विल्डर्स एण्ड सप्लायर्स	४४२३४६.०	२८७५२.०
६६-२०७६/८/२४	के.वि कन्स्ट्रक्सन	४४२४६३.०	२८७६०.०
७३-२०७६/८/२५	शर्मा कन्स्ट्रक्सन	९१०९७४	५९२१३.०
१२३-२०७७/१२/२३	गोरखनाथ विल्डर्स	४३२४२२	२८१०७.०
२५३-२०७७/१/३०	कृष्ण विल्डर्स	४३६८०८	२८३९३.०
३२४-२०७७/३/१२	भिमादेवि निर्माण सेवा	४२५४६६	२७६५५.०
९८-२०७६/९/२८	ब्राइटन इञ्जिनियरिङ एण्ड कन्सल्टेसी	४९१५५०	२८२७५.०
९९-२०७६/९/२८	गाम्मा इञ्जिनियरिङ कन्सल्टेन्सी	४९१५५०	२८२७५.०
२५०-२०७७/१/३०	मायादेवी कन्स्ट्रक्सन कम्पनी	४९१५००	२८२७५.०
३०-०७६/१०/१९	एमएस लुम्वनी जलजला जे.भी	६४३९४४७	४१८५६४.०
५८-०७६/१२/२३	निमादेवी निर्माण सेवा	५८२१९२	३७८४२.०
६०-०७६/१/५	ऋतु निर्माण सेवा	१२१३५६४	७८८८२.०
६५-०७७/१/२६	उज्वल निर्माण सेवा	१७९९४०२	११६९६१.०
१६२-०७७/३/१२	उज्वल निर्माण सेवा	२७८९६०	१८१३२.०
१६३-०७७/३/१२	उज्वल निर्माण सेवा	२७८९६०	१८१३२.०
१६४-०७७/३/१२	उज्वल निर्माण सेवा	८३०२३०	५३९६५.०
१६४-०७७/३/१२	एम एण्ड एम निर्माण सेवा	४३३१९२	२८१५७.०
२०१-०७७/३/१८	भवानी निर्माण सेवा	७८६७५५	५११३९.०
	जम्मा		११०७४७९.०

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
७४.	**पारिश्रमिक आयकर -** आयकर ऐन ,२०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ ।स्वास्थ्य संस्थामा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु.४७६६७।- करकट्टि गर्नुपर्नेमा रु.९०००।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु.३८६६७।— असुल गर्नुपर्ने रु.	३८६६७/-

क्र.स	कर्मचारीको नाम	बार्षिक आय	आयकर छुट रकम	करयोग्य आय	गर्नुपर्ने कट्टि	गरेको कट्टि	नपुग कर
१	पशु अधिकृत हेमराज शर्मा	६१९५३६	५४६६७३	७२८६३	११७८६	४५००	७२८६

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२	सि.अ.हे.ब महेन्द्र बेलबासे	८०८४६९	६०१५६४	२०६९०५	३५८८१	४५००	३१३८१
	जम्मा				४७६६७	९०००	३८६६७

७५. **नर्म्स भन्दा बढी भुक्तानी -** गो.भौ.नं. ३३२-२०७७/३/१५ लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं ४.४ अनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति प्रशिक्षक भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत अधिकृतस्तरको प्रशिक्षणमा प्रति कक्षा रु.१,०००। र सहायक स्तरको कर्मचारीको हकमा रु.८००। भुक्तानी पाउने उल्लेख छ। कार्यालयले सञ्चालन गरेको निम्न तालिम कार्यक्रममा प्रशिक्षण गरे बापत निम्न कर्मचारीहरुलाई निम्नानुसार भुक्तानी गरेकोले बढी भुक्तानी रु.११,०५०। असुल हुनुपर्ने रु. — ११,०५०/-

गो.भौ.नं. मिति	कार्यक्रमको नाम	कर्मचारीको नाम	दिन	भुक्तानी रकम	नियमले पाउने	बढि भुक्तानी कर बाहेक	जम्मा रकम
३३२-२०७७/३/१५	प्रधानमन्त्री रोजगार कार्यक्रम	अशोक कुमार यादव	९	१६००	१०००	५१०	४५९०.०
९-२०७६/९/२८	लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान	अशोक कुमार यादव	१	२०००	१०००	८५०	८५०.०
११३-२०७७/३/७	स्थानीय जडिबुटी परिचयात्मक तथा जण्डिस सचेतना कार्यक्रम	शंकरनाथ योगी	३	१८००	१०००	६८०	२०४०
		तिलकराम चौधरी	३	१५००	८००	५९५	१७८५
		धनोज राय यादव	३	१५००	८००	५९५	१७८५
		जम्मा					११०५०.०

७६. **रेडियो प्रशासरण -** कार्यालयले हाम्रो गाउँपालिका राम्रो गाउँपालिका परियोजना सञ्चालन गरेबापत रेडियो साझा आवाज ८८.३ मेगाहर्जसँग सम्झौता भइ रु.३,००,०००। भुक्तानी खर्च लेखेकोमा एफ.एमबाट सो कार्यक्रम प्रसारण भएको प्रसारण प्रमाणपत्र तथा सोको डकुमेन्ट्री जिन्सी दाखिला गर्नुपर्ने रु. — ३०००००/-

७७. **उपभोक्ता समिति मार्फत खरिद —** सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति मार्फत खरिद गराउने व्यवस्था छैन। कार्यालयले निम्नानुसारको खरिद र तालिम जस्ता कार्यक्रम उपभोक्ता समिति मार्फत खरिद गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. — २५००००/-

भौ.नं. मिति	खरिद विवरण	टोल विकास संस्थाको नाम	भुक्तानी रकम	कार्यक्रम को शिर्षक
२०६-२०७६/१२/७	खेलकुद सामाग्री खरिद	खेलकुदका सामाग्रि खरिद उ.स	५००००.०	गा.पा चालु
२५८-२०७६/२/८	एक महिने कुक तालिम	खाद्य प्रशोधन तथा कुक परिकार तालिम उ.स	२०००००.०	
		जम्मा	२५००००.०	

७८. **नर्म्स भन्दा बढी भुक्तानी -** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं ४.७ अनुसार गाउँपालिकास्तरीय कार्यक्रममा संयोजक भई कार्य गरे बापत संयोजक भत्ता रु.४००। पाउने उल्लेख छ । कार्यालयले विभिन्न मितिमा सञ्चालन गरेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा निम्न संयोजकहरुलाई रु.२०००। को दरले भुक्तानी गरेकोले बढि भुक्तानी रु.१६००। को दरले रु.१२८००।- असुल हुनुपर्ने रु. — १२८००/-

संयोजकको नाम	रकम
रेखा थापा	१६००.०
जुनु चौधरी	१६००.०
मिना गुरूङ	१६००.०
रामपति चौधरी	१६००.०
चंचला चौधरी	१६००.०

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

मधा न्यौपाने	१६००.०
जयकला वि.क	१६००.०
कमला आचार्य	१६००.०
जम्मा	१२८००.०

७९. **बैठक भत्ता खर्च --** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले विभिन्न ठेक्काको बोलपत्र मुल्याङकन तथा योजना अनुगमन बापत निम्न भौचरबाट निम्न संख्यामा पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ। बैठक भत्ता खर्च लेख्ने उद्देश्यले ठेक्काको मुल्याङकनमा सहभागिहरुलाई एक पटक बोलपत्रदाताको पुर्णता परीक्षण गरी तुलनात्मक चार्ट तयारी गर्ने र अर्को पटकको बैठकमा कम कबोल गर्ने फर्म सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृती दिने गरी बैठक बसी खर्च लेखेको छ।अत खर्च लेख्न नपाउने यस प्रकारको खर्च रु. ४,९२,०००।- मध्ये कट्टि गरी दाखिला घटाई बाँकी रहेको रु.४,१८,२००।- असुल हुनुपर्ने रु.

रकम: ४१८२००/-

गो.भौ.नं. मिति	कर्मचारी तथा पदाधिकारीको नाम	दिन	दर	जम्मा	१५% कर बाहेक
४७-२०७६/८/१८	अध्यक्ष सहजराम अहिर	८	१५००	१२०००	१०२००
	उपाध्यक्ष शान्ता चौधरी	८	१५००	१२०००	१०२००
	प्र.प्र.अ नोखिराम ओली	२१	१५००	३१५००	२६७७५
	ले.अ शम्भुराज आचार्य	२१	१५००	३१५००	२६७७५
	बुद्धिमान चौधरी	२१	१५००	३१५००	२६७७५
	चन्द्र प्रकाश वली	२१	१५००	३१५००	२६७७५
	भरत बहादुर के.सी	२१	१५००	३१५००	२६७७५
	सज्ञित पौडेल	८	१५००	१२०००	१०२००
	सुरेश पौडेल	८	१५००	१२०००	१०२००
	शम्भु चौधरी	८	१५००	१२०००	१०२००
	मान बहादुर थापा	२	१५००	३०००	२५५०
	अनन्तराज रेग्मी	१	१५००	१५००	१२७५
२०७-२०७६/१२/७	अध्यक्ष सहजराम अहिर	२५	१५००	३७५००	३१८७५
	उपाध्यक्ष शान्ता चौधरी	३०	१५००	४५०००	३८२५०
	अनन्तराज रेग्मी	५	१५००	७५००	६३७५
	ले.अ शम्भुराज आचार्य	३०	१५००	४५०००	३८२५०
	चन्द्र प्रकाश वली	३०	१५००	४५०००	३८२५०
	भरत बहादुर के.सी	३०	१५००	४५०००	३८२५०
	कुलराज कुमाल	३०	१५००	४५०००	३८२५०
	जम्मा			४९२०००	४१८२००

८०. **भ्रमण खर्च भुक्तानी -** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. २२७-२०७६/१२/३० बाट विभिन्न मितिको भ्रमण भत्ता भुक्तानी बापत प्रमुख प्रशासकिय अधिकृत नोखिराम वलीको एभरेष्ट वैङ्कको खाता नं.००१००५०१२०१८८१ मा रु. ७१४७०।जम्मा गरेकोमा सो खर्चलाई

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	पुष्टि गर्ने प्रमाण भौचरसाथ संलग्न नभएकोले सो खर्च असुल हुनुपर्ने रु.	७१४७०/-
८१.	**अनुगमन मुल्याङकन खर्च -** भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.२०,०३,४७०।— तथा विभिन्न योजनाहरुको कन्टिन्जेन्सी समेत अनुगमन मूल्याङ्कनमा खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ;	
८१.१.	कार्यालयले भ्रमण अभिलेख खाता तयार गरी राखेको छैन। यसबाट दोहोरो पर्ने गरी भ्रमण भत्ता भुक्तानी भए नभएको एकिन गर्न सकिएन।	
८१.२.	अनुगमन भ्रमण पश्चात भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले नियमावली अनुसार भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन।	
८१.३.	कार्यालयले सञ्चालन गरेको विभिन्न कार्यक्रममा सहजिकरण तथा समन्वय गर्ने गरी विभिन्न निकायहरुबाट सहभागि कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्दा निज आएको कार्यालयबाट दैनिक भ्रमण भत्ता लिए नलिएको खुल्ने पत्र लिने गरेको छैन। यसबाट भ्रमण भत्तामा दोहोरो खर्च भए नभएको एकिन हुन सकेन।	
८२.	**कर दाखिला** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कट्टा गरेको सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, अग्रिम आयकर समयमा राजश्व दाखिला नगरी अर्धबार्षिक रुपमा राजश्व दाखिला गर्ने गरेको छ। नियमानुसार समयमा बैंक दाखिला हुनुपर्दछ।	
	सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
८३.	**तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	
८४.	**सार्वजनिक सुनुवाई -** गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।	
८५.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची — ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज१ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु.७,९४,६७,२५०।-खर्च गरेको छ। कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन। सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्यौट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्यौट गरी तेश्रो किस्ता निकासा दिई फछ्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ। सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८६.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैकहरुले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसुचि १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ। यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैकहरुले सो अनुसुचि १३ कार्यालयमा पठाएको पाइएन। जसले गर्दा अघिल्लो चौमासिकमा दिएको पेश्की रकम फछ्यौट नभई पुन पेश्की दिदा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहने भएकोले पेश्की फछ्यौट गरेर मात्र थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८७.</td><td>बैक मौज्दात - यस गाउँपालिकाबाट सामाजिक सुरक्षा वितरणको लागि निम्न बैकहरुमा आर्थिक बर्ष २०७६/७७ मा पठाएको रकम मध्ये निम्न रकम २०७७/७८ को पहिलो चौमासिक निकासा जान अगाडि फिर्ता प्राप्त गरी संघिय सञ्चितकोमा पाउनुपर्नेमा नपठाएको राजश्व दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>बैकको नाम</th><th>वडा नं.</th><th>राजश्व जम्मा गर्नुपर्ने बचत रकम</th></tr>
<tr><td>कुमारी बैङ्क</td><td>१</td><td>४८००</td></tr>
<tr><td>कुमारी बैङ्क</td><td>२/३</td><td>२४०००</td></tr>
<tr><td>कर्णाली विकास बैङ्क</td><td>४/५</td><td>८००००</td></tr>
<tr><td>ज्योति विकास बैङ्क</td><td>६</td><td>१२६२००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२३५०००</td></tr>
</table></td><td>२३५०००/-</td></tr>
<tr><td>८८.</td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण तथा अभिलेख राखेको पाइएन।आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षणको अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८९.</td><td>आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६ करोड ७७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.६ करोड ५३ लाख ६६ हजार अर्थात अनुमान भन्दा ३.३४ प्रतिशत घटि आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।</td><td></td></tr>
<tr><td>९०.</td><td>आय तुलना - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट रु. ४०,७३,१९,०८२।४८ खर्च गरी आन्तरीक आय बापत रु. ६,५३,६५,६६९।६७ संकलन गरेको छ । गाउँपालिकालाई प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १६.०५ प्रतिशत मात्र रहेको छ। त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
९१.	कार्यालयले योवर्ष वडाहरुले प्रयोग गरेको नगदी रसिदको दोश्रो प्रति प्राप्त गरी दैनिक आवर्जे, म.ले.प.फा.नं. १०६ तयार गरेको छैन भने बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ। दैनिक जोड जम्मा गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा यकिन गर्न सकिएन ।	
९२.	**वडा कार्यालयहरुको राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) अनुसार आप्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। कार्यालयले मातहतका वडाहरुवाट मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी राजश्व दाखिला गरेको देखियो। यस सम्बन्धमा गत विगतको लेखापरीक्षणले औंल्याइएतापनि स्थिती यथावत् छ। वडाहरुबाट ढिला गरी राजश्व दाखिला गरेकोमा सो बापतको जरीवाना असुल हुनुपर्ने रु.	२०८६७८/-

वडा नं.	जिम्मेवार पदाधिकारीको नाम	आय महिना	असुली रकम रु	दाखिला रकम रु.	बैक दाखिला मिति	ढिला दाखिला दिन	जरिवाना रु.
१	सचिव बलराम पौडेल	श्रावण	५६५००	५६५००	२०७६/६/६	३६	५६५०
		कार्तिक	१३६००	१३६००	२०७६/९/१७	४७	१३६०
		मंसिर	१०२००	१०२००	२०७६/९/१७	१७	१०२०
	सचिव भरत के.सी	पौष	२६०५०	२६०५०	२०७६/१०/१४	१४	२६०५
		माघ	२४०३५	२४०३५	२०७७/१/३०	९०	२४०४
		फाल्गुन	१५२५०	१५२५०	२०७७/१/३०	६०	१५२५
		चैत्र	७४००	७४००	२०७७/१/३०	३०	७४०
		असार	२५००	२५००	२०७७/४/१८	१८	२५०
२	सचिव कुल राज कुमाल	साउन	१४५८०	१४५८०	२०७६/७/२२	८२	१४५८
		भदौ	२९२१८	२९२१८	२०७६/७/२२	४२	२९२२
		असोज	१७३४७	१७३४७	२०७६/७/२२	२२	१७३५
	सचिव अरुण पन्थी	माघ	४६०१२	४६०१२	२०७६/१२/३	३३	४६०१
		वैशाख	१०८००	१०८००	२०७७/४/१	६१	१०८०
३	सचिव यशोबर्द्धन मिश्र	भदौ	१६०००	१६०००	२०७६/९/१	९०	१६००
		असोज	१३९५०	१३९५०	२०७६/९/१	६०	१३९५
		कार्तिक	१२२००	१२२००	२०७६/९/१	३०	१२२०
		माघ	१९४८०	१९४८०	२०७६/१२/६	३६	१९४८
		चैत्र	३९५०	३९५०	२०७७/३/३	६३	३९५
४	सचिव पदम बहादुर थापा	भदौ	५९५१६	५९५१६	२०७६/७/१४	४४	५९५२
		असोज	३४८८५	३४८८५	२०७६/७/१४	१४	३४८९

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु								रकम
			कार्तिक	३१७२७	३१७२७	२०७६/८/२४	२४	३१७३	
			पौष	४०९९०	४०९९०	२०७६/१०/१२	१२	४०९९	
			चैत्र	१०७५०	१०७५०	२०७७/३/१	६१	१०७५	
			असार	३२४७३	३२४७३	२०७७/४/२५	२५	३२४७	
	५	सचिव अरुण पन्थी	साउन	१३६३०	१३६३०	२०७६/८/१९	७९	१३६३	
			भदौ	१०९००	१०९००	२०७६/८/१९	५९	१०९०	
			असोज	६०००	६०००	२०७६/८/१९	३९	६००	
			कार्तिक	३२२५०	३२२५०	२०७६/८/१९	१९	३२२५	
			मंसिर	१८१२५	१८१२५	२०७६/११/८	६८	१८१३	
		सचिव दिलिप कुमार आचार्य	चैत्र	८७५०	८७५०	२०७७/२/२७	५७	८७५	
	६	वडा सचिव मधु अधिकारी	साउन	१६१३४८	१६१३४८	२०७६/९/२३	१४३	१६१३५	
			भदौ	४५३१८	४५३१८	२०७६/९/२३	११३	४५३२	
			असोज	४६८९५	४६८९५	२०७६/९/२३	८३	४६९०	
			कार्तिक	५८७२०	५८७२०	२०७६/९/२३	५३	५८७२	
			मंसिर	१०५३१०	१०५३१०	२०७७/३/३०	२१०	१०५३१	
			पौष	१२८८४६	१२८८४६	२०७७/३/३०	१८०	१२८८५	
			माघ	१२७५८०	१२७५८०	२०७७/३/३०	१५०	१२७५८	
			फाल्गुन	१०८०८५	१०८०८५	२०७७/३/३०	१२०	१०८०९	
			चैत्र	३६७४१	३६७४१	२०७७/३/३०	९०	३६७४	
			असार	१४१३७६	१४१३७६	२०७७/४/२३	२३	१४१३८	
	७	सचिव प्रभुदास यादव	साउन	३५७००	३५७००	२०७७/४/२८	३५८	३५७०	
			भदौ	८७१२३	८७१२३	२०७७/४/२८	३२८	८७१२	
			असोज	७६१७७	७६१७७	२०७७/४/२८	२९८	७६१८	
			कार्तिक	७१८००	७१८००	२०७७/४/२८	२६८	७१८०	
			मंसिर	६००३७	६००३७	२०७७/४/२८	२३८	६००४	
			पौष	३२८६०	३२८६०	२०७७/४/२८	२०८	३२८६	
			माघ	५०७४५	५०७४५	२०७७/४/२८	१७८	५०७५	
			फाल्गुन	४०७९०	४०७९०	२०७७/४/२८	१४८	४०७९	
			चैत्र	९१६०	९१६०	२०७७/४/२८	११८	९१६	
			जेष्ठ	२८००	२८००	२०७७/४/२८	५८	२८०	
			असार	२०३००	२०३००	२०७७/४/२८	२८	२०३०	
					२०८६७७९			**२०८६७८**	
९३.	कार्यालयले राजश्व आम्दानीको लागि सांग्रीला सफ्वेयर प्रयोग गरे पनि राजश्व प्राप्ती र दखिलाको अनुगमन गर्ने नगरेको र वडा कार्यालयल बैंक दाखिला गरी पेश गरेको बैंक भौचरको आधारमा संचित कोष आम्दानी जनाउने गरेको छ। अत कार्यालयले वडाहरुवाट कट्टा भएको रसिद र बैंक दाखिलाको अनुगमन गरी राजश्व आय दुरुस्त वनाउनु पर्दछ ।								
९४.	**सफ्टवयेर प्रयोग —** कार्यालयले यो बर्ष साँग्रिला सफ्टवेयर प्रयोग गरी राजश्व आम्दानी गरेको देखिएको छ। सफ्टवेयरले देखाएको आम्दानीलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सो सँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनु पर्दछ ।								

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
९५.	**स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष नदिजन्य पदार्थको विक्रिबाट रु.३,८२,७५,१३०।— असुल गरेकोमा बाडँफाडँ हुन बाँकी रु.१,३०,४०,२७९।— गो.भौ.न २-२०७७।१०।२१ बाट बाडँफाडँ गरी रु.५१,११,७९०। प्रदेश सञ्चितकोष र रु.२,६०,८००। जिल्ला समन्वय समितिमा पठाएको छ ।	
९६.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय निकायले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५ लाख ६० हजार आय अनुमान गरेकोमा रु.२४ लाख ६७ हजार असुली गरेको विवरण पेश भएको छ। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट कार्यालयले संकलन गरेको व्यवसाय कर यथार्थ परक छ भन्न सकिएन। गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।	
९७.	**प्राकृतिक श्रोत उत्खनन कार्ययोजना —** लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.३,८२,७५,१३०।— आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
९८.	**परिमाण नियन्त्रण —** प्राकृतिक स्रोतको आय ठेक्काको हकमा ठेक्का अवधिमा दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि नअपनाएको, उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने विवरण स्थानीय तहले राख्ने नगरेको एवं ठेकेदारले कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता समेत नगरेको हुँदा बर्षभरिमा उठाएको ढुङ्गा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो वापत ठेकेदारले असुल गरेको कर रकम एकिन हुन सकेन। यसबाट सम्झौतामा तोकिएको क्षेत्रबाट तोकिएको दरमा मात्र ठेकेदारले शुल्क उठाएको सम्बन्धमा विश्वस्त हुन सकिएन। यस प्रकारको ठेक्का बन्दोवस्तले अनियन्त्रित रुपमा प्राकृतिक श्रोत साधनको दोहन हुने तर ती श्रोत साधनको दोहनबाट स्थानीय निकायले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी यकिन हुँदैन। ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	मात्र घाटगद्दी गर्ने, सम्बन्धित निकायले नापजाँच नगरी ती बस्तुहरु लैजान नपाउने ब्यबस्था गर्ने र ती सामानहरुको बजार मूल्यभन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेको देखियो। यसरी बजार मूल्य अनुसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण क्षेत्र तोकी सोको कडा अनुगमन गर्न आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोवस्त गर्नेतर्फ ध्यान जानुपर्ने देखियो।	
९८.१.	ठेक्का नं.३-२०७६/७७ गढवा गाउँपालिका वडा नं.१ मा कार्यालयले सगुन कन्स्ट्रक्सनसँग राप्ती नदिको नदिजन्य पदार्थ उत्खनन् गर्ने गरी मिति२०७६/८/२२ मा ७०९६६ घनमिटर परिमाणको ढुंगा गिटी, बालुवा, ग्राभेल र रोडा उठाउन दिने गरी रु.२,८२,९७,६९२.५ (भ्याट बाहेक) मा सम्झौता गरेको देखिन्छ। कवोलकर्ताले कवोल अंकको ५०% रकम बैङ्क जम्मा गरी २०७७ असार मसान्त सम्म मान्य हुने कुमारी बैङ्कको बैक जमानत पेश गरी कार्य गरेकोमा कोरोना महामारीको कारण काम गर्न कठिनाइ उत्पन्न भएको र १४१७२.३ घनमिटर मात्र उत्खनन् भएको भनी उक्त कन्स्ट्रक्सनबाट हेभि इक्यूमेन्ट प्रयोग गर्ने गरी अनुमती माग भएकोमा कार्यालयबाट स्वीकृती प्रदान नगरेको र कार्यपालिकाको निर्णयबाट उक्त ठेक्का सम्झौता अन्त्य गरेको छ।कार्यालयले उत्खनन् गरेको परिमाणको घाटगद्दि समेत गरेको देखिएन।जसबाट उक्त कन्स्ट्रक्सनले दावि गरे अनुसारको मात्रामा नदि जन्य पदार्थ उत्खनन् भएको छ भनी आश्वस्त हुन सकिएन।	
९९.	**क्रसर उद्योग** —ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा ११ (१) मा क्रसर संचालनको मापदण्ड, (७) मा उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र उत्पादनको बार्षिक मौज्दात तथा खरिद बिक्रिको परिमाण सार्वजनिक गरी सोको विवरण सम्बन्धित पालिकामा उपलव्ध गराउनु पर्ने, (८) मा नियमको पालना नगर्ने उद्योगीलाई सम्बन्धित पालिकाले वन्द गर्न सक्ने, (१२) मा उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्दा लाग्ने बिक्रि मूल्य वा शुल्क पालिकालाई बुझाएपछि मात्र कच्चा पदार्थ आपूर्ति गर्न पाईने र (१३) मा उद्योगलाई सभाद्वारा निर्धारित दरमा उत्पादित परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा सञ्चालित उद्योगहरुको संख्या, उद्योगहरुवाट प्राप्त आय तथा ति उद्योगहरुमा पालिकाकाले गरेको अनुगमन प्रतिवेदनको विवरण माग गर्दा सोको विवरण प्राप्त हुन सकेन। संचालित उद्योगहरु बातावरणीय अध्ययन प्रतिवेदनको आधारमा दर्ता भए नभएको, स्वीकृत प्राप्त उद्योगहरु पनि मापदण्ड पुरा गरी संचलान गरे नगरेको, उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्दा लाग्ने बिक्रि मूल्य वा शुल्क पालिकालाई नबुझाएको तथा सभाले उत्पादित परिमाणको आधारमा व्यवसाय कर नलगाएको देखिएकोले यसतर्फ पालिकाले ध्यान पुर्याई कार्यालयको आय सुनिश्चित गर्नुपर्ने देखिन्छ ।यस सम्बन्धमा जिल्ला प्रशासन र जिल्ला समन्वय सिमितिसँग समन्वय गरी कार्य गर्ने कार्यालयको भनाई रहेको छ ।	
	धरौटी तर्फ	
१००.	कार्यालयले बोलपत्र खरिद बापतको रु.२००००/- राजश्व खातामा दाखिला गर्नुपर्नेमा धरौटी खातामा दाखिला गरेको छ। अतः धरौटी खातामा जम्मा भएको उक्त रकम राजश्व दाखिला हुनुपर्ने रु.	२००००/-

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	विपद् व्यवस्थापन	
१०१.	**कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।	
१०२.	**विपत् व्यवस्थापन कोष** — विश्वव्यापी महामारी नियन्त्रण तथा रोकथाम गर्न यसवर्ष स्थापना भएको प्रकोप व्यस्थापन कोषमा गाउँपालिकाले चालु तथा पूँजीगत कार्यक्रमहरु कटौती गरी रु. १,६४,७८,६३४।—, प्रदेश सरकारवाट रु. १०,००,०००।—, संघीय सरकारवाट रु. ३,२४,१७५।— बिद्यालय कर्मचारीवाट रु. १,९१,६२७।— र बिभिन्न व्यक्ति संघ संस्थावाट रु. ८,२७,३२१।— गरी रु. १,८८,२१,७५७।— को कोष स्थापना भई रु. १,७६,५१,८२७।३३ खर्च भएको छ । बिभिन्न संघ संस्था तथा बिद्यालयका कर्मचारीहरुवाट कोषमा रकम जम्मा गरे पनि स्थानीय तहका कर्मचारीहरुले नेपाल सरकारले तोकेको अधिकृत स्तरको ५ दिन र सहायक कर्मचारीहरुको ३ दिनको तलव वरावर प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको देखिएन ।	
१०३.	**जोखिम भत्ता** - नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ)मा कन्ट्रयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई ५० देखी १०० प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीलाई रु. २३,५८,२९४।— र प्रशासनिक कर्मचारीहरुलाई रु. ८,८०,५०९।— समेत रु. ३२,२८,८०३।- जोखिम भत्ता खर्च लेखेकोमा प्रशासनिक कर्मचारीहरुको बढि भुक्तानी रु.१,६३,९३४।— असुल भई रु.३०,६४,८६९।— जोखिम भत्ता खर्च लेखेको छ ।	
१०४.	**खरिद व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मुल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारका मुख्य स्वास्थ्य सामाग्रीको खरिद दर लट अनुसार फरक रहेको छ ।उपयुक्त विधि अवलम्वन गर्न नसक्दा पिपिई सेट रु.६७८०। दर सम्मको र इन्फ्रारेड थर्मोमिटर ९९६०।- दर सम्मको सोझै खरिद गरको छ। सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन। कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको रुपमा पालना गरेको छैन् ।यसको उदाहरण देहाय अनुसार रहेको छ;	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

सामानको नाम	स्पेशिफिकेशन	इकाई	परिमाण	दर	कुल रकम
पिपीई	नखुलेको	Piece	२५	६७८०	१६९५००
R.D.T. kit		Piece	३५०	९९४.४	३४८०४०
माक्स		Piece	१२०	५१९.८	११४३५६
भिटीएम		Piece	१०५०	४४२	४६४१००
इन्फ्रारेड थर्मोमिटर		Piece	५	७८००	३९०००

१०५. **राहत सामग्रीको खरिद र वितरण** - लकडाउन अवधिमा कार्यालयले राहत सामाग्री बापत रु.५१,८०,०००।- बराबरको सामान खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ। खरिद र वितरण गरेको परिमाण समान भएता पनि वितरणको अवस्था खुल्ने गरी बिल भरपाई पेश नगरेकाले यस सम्बन्धमा यकिन हुन सकिएन ।

राहत सामाग्री	ईकाइ	खरिद परिमाण	प्रतिईकाइ दर	वितरण परिमाण	बाँकी परिमाण
चामल सावा	के.जि.	२५०००	४०	१००००००	नभएको ।
चामल कोरियन	के.जि	९०२२०	४२.७	३८५२३९४	
दाल	के.जि.	७१८३	१०३.७६	७४५२७५	
नुन	के.जि.	३१००	१९	५८९००	
तेल	पेटी	६६५	१३९५	९२७५९०	
साबुन	पिस	६६९६	३०	२००८८०	

गाउँपालिकाले ८ वटा वडाको ५५७८ घरधुरीका ७१५१७ जनसंख्यालाई चामल, दाल, नुन, तेल, साबुन लगायतका सामाग्रि वितरण गरेको छ ।राहत साम्रागी खरिद गर्दा विभिन्न वडाहरुले फरक फरक दरमा खरिद गरेका छन् भने सो राहत वितरण गर्दा दैनिक ज्यालादारी मजदुर, अति विपन्न, आर्थिक रुपले पछाडि परेका तथा लकडाउनका कारण भोकभोकै पर्ने अवस्थाका व्यक्ति तथा परिवार पहिचान गरी वितरण गर्नुपर्नेमा सक्षम तथा आर्थिक रुपले सवल व्यक्तिहरुलाई समेत दामासाहिले राहत वितरण गरेको छलफलको क्रममा जानकारी प्राप्त भएकोले वितरण प्रक्रिया प्रभावकारी तथा मितव्ययी देखिएन ।

१०६. **आइसोलेसन संचालन —** गाउँपालिकाले आफैले आइसोलेशन कक्ष संचालन नगरे पनि विपत् व्यवस्थापन कार्यसमितको निर्णय अनुसार रासी गाउँपालिकामा आइसोलेशन कक्ष संचालन गर्न भौ.नं. ८१—०७७।३।१५ मा रु. १० लाख निकासा खर्च लेखेकोमा विल भरपाई प्राप्त गरेको छैन ।

१०७. **मेस सञ्चालन खर्च —** विपद व्यवस्थापन अन्तर्गत १० वटा क्वारेन्टाइन संचालन भएकोमा क्वारेन्टाइन व्यवस्थापन तथा मेस सञ्चालन वापत कार्यालयका कर्मचारी, वडा सचिव, होटल व्यवसायी तथा वडाध्यक्ष मार्फत बिभिन्न गोश्वारा भौचरबाट रु.३३,६१८४०।— खर्च लेखेको छ । राजनीतिक पदाधिकारीलाई खर्च गर्ने आर्थिक अधिकार नभएको र विपद् व्यवस्थानपन गर्न नीतिगत तथा व्यवस्थापकिय कार्य गर्नुपर्नेमा निम्नानुसारका वडाध्यक्ष आफैले रकम बुझि खर्च लेखेको उचित नदेखिएको रु. — रकम: ६२७२९५/-

भौ.नं. मिति	प्रयोजन	राजनीतिक पदाधिकारीको नाम	खर्च रकम
४२-०७७/२/२३	वडा नं. ३ मा भान्सा खर्च	वडाध्यक्ष तुल्सीराम अधिकारी	१८४९७५
४३-०७७/२/२३	वडा नं. १ मा भान्सा खर्च	वडाध्यक्ष बाबुराम अधिकारी	१३२,२९०
४४-०७७/२/२३	वडा नं. ५ मा भान्सा खर्च	वडाध्यक्ष प्रकाश भण्डारी	२३३१६०
८६-०७७/३/२२	वडा नं. ४ मा क्वारेन्टाइन व्यवस्थापन	व.अ. गुलाम महम्मद जाग मुसलमान	५१९६५
१००-०७७/३/२८	वडा नं. २ मा क्वारेन्टाइन व्यवस्थापन	व.अ. भक्त बहादुर चौधरी	२४९०५
	जम्मा		६,२७,२९५

१०८. **असम्बन्धीत खर्च —** विपद् व्यवस्थापनको लागि स्थापना भएको कोषवाट भएको खर्च कारोना नियन्त्रण,

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>उपचार तथा रोकथाम प्रयोजनमा मात्र खर्च गर्नुपर्नेमा कोरोना महामारीको प्रयोजन भन्दा अन्य निम्न कार्यक्रमको लागि खर्च गरेको देखिएकोले खर्च कोषबाट खर्च लेखेको उचित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>५५-०७७/३/२</td><td>बिभिन्न कार्यक्रमको व्यानर छपाई</td><td>२११६०</td></tr>
<tr><td>९१-०७७/३/२४</td><td>गाडी मर्मत (कार्यालयको स्कारपियो)</td><td>३९०६०</td></tr>
<tr><td>१३०-०७७/३/३१</td><td>सम्पत्ति कर आम्दानी रसिद छपाई</td><td>७१००</td></tr>
<tr><td>१३३-०७७/३/३१</td><td>गाउँपालिका नीति तथा कार्यक्रम र बजेट छपाई</td><td>२४५७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९१८९०</td></tr>
</table></td><td>९१८९०/-</td></tr>
<tr><td>१०९.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११०.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७५/७६ सम्मको बाँकी रहेको बेरुजु रु. २७,६६,५३,०७९।— मध्ये यो बर्ष रु. १३,७६,४१,४४६।- फछ्यौट गरी रु.१३,९०,११,६३३।-बाँकी रहेकोमा यस बर्ष रु.४,२६,२९,४९१।—थप भई रु.१८,१६,४१,१२४।- पुगेको छ। बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।
<table>
<tr><th>गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु.</th><th>समायोजन</th><th>यस बर्ष फछ्यौट रु.</th><th>बाँकी बेरुजु रु.</th><th>यो बर्षको सं.पबाट कायम बेरुजु रु.</th><th>यो बर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>२७,६६,५३,०७९।-</td><td>२,३०,०००।-</td><td>१३,७६,४१,४४६</td><td>१३,९०,११,६३३।-</td><td>०</td><td>४,२६,२९,४९१।-</td><td>१८,१६,४१,१२४।-</td></tr>
</table></td><td></td></tr>
</table>

गढवा गाउँपालिका

सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

क.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	गढवा गाउँपालिका	दाङ्ग	८५५१४	३६९५४०	८२७७२	६५३६६	८८१८१	६०५८५९	२६२५९९	१४४७२०	५३८२१	४६११४०	२३०२३३

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२

(रु. हजारमा)

क. स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	दाङ्ग	गढवा गाउँपालिका	१०८	३९	४२६२९	०	०	०	१०८	३९	४२६२९	३४६९	३५९१३	३२४७	०	०	३९१६०	०	०	०

अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३

(रु. हजारमा)

क. स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	समायोजन	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	गढवा गाउँपालिका	दाङ्ग	२७६४२३	२३०	१३७६४१	२७६८८३	०	४२६२९	१८१८७१